‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २४५ ★ ने. सं. ११४६ ञला थ्व, चतुर्दशी ★ शुक्रबार ★ ९ असोज, २०८३ ★ September 25, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# हरेक उजुरी र गुनासोमा ध्यान दिँदै जनतामा सचेतना जागृत गरौँ

काठमाडौँ, ८ असोज । ८ असोज २०८३ को ‘अन्नपूर्ण’ दैनिकको ‘जनताको आवाज’ स्तम्भमा ‘नागार्जुनमा सानालाई भरमार कर र पहुँचवालालाई मिनाहा गर्न लागेको हो र ?’ र ‘धार्मिकस्थलमा ठगी गर्ने नक्कली भिक्षुहरूको सक्रियता’ शीर्षकका ‘दुई जनाको गुनासो’ ले नै सबै सच्चाइ प्रस्ट गर्छ ।

वर्तमान नेपालको स्थिति सामन्ती समाजबाट पुँजीवादी समाजमा रुपान्तर भइरहेको समाज हो । ‘नेपाल कानुन आयोगका पूर्वसचिव चिरञ्जीवी खनालले ‘मासिक दुई लाख रुपैयाँ भाडा बुझ्ने’ गरेको र ‘१० प्रतिशत बहाल कर नतिरी २०७२ सालदेखि हालसम्म करिब २५ लाख रुपैयाँ कर छली’ गर्दै आएको बताइएको छ । पूर्वसचिव खनालले नागार्जुन - ५ कै जग्गा बिक्री गर्दा बजार मूल्यभन्दा निकै कम शुल्क देखाएर लिखत पारित गरी रजिस्ट्रेशन शुल्क र पुँजीगत लाभकरसमेत नतिरेको’ आरोप छ ।

हिजोका शासक र सामन्तका छोराछोरीहरूले काठमाडौँमा मात्र होइन देशभरमै यस्तै यस्तै जालसाजी गरी जनतालाई चुस्ने र देशलाई नै ठग्ने गर्दै आएका छन् ।

सामन्ती समाजमा ठुलाबडा पहिले लुटेर खान्थे भने अहिले तिनीहरूकै छोरा-नातिले कानुनी रित पुऱ्याएको देखाएर पुनः कानुन र व्यवहारका अनेकौँ कमजोरी र छिद्रहरूबाट फाइदा उठाउँदै आएको हरेक गल्ली र बजारमा सुन्न पाइन्छ ।

तीनै ठुला-ठालुका हाँगा-बिँगा नै सरकारी कार्यालयहरू, प्रहरी, गुप्तचर विभाग, सेना, अड्डा अदालतमा समेत तिनीहरूकै नातागोता हुने हुँदा उनीहरूले जनतालाई हायलकायल बनाउँदै आएका छन् । आश्चर्य त प्रगतिशील र वामपन्थी राजनीतिक दलहरूमा पनि तिनीहरूकै नातागोता हुने भएकाले व्यापक जनता नउठेसम्म तिनीहरूले सजिलै आ-आफ्नो शोषणको शैली र काम छोड्ने छैनन् । यसकारण, सामन्तहरू, जालीफटाहा र शोषकहरूको विरोधमा प्रचारलाई तिव्रता बढाउनु आवश्यक छ । आशा गरौँ, हरेक उजुरी र गुनासोमा ध्यान दिँदै जनतामा सचेतना जागृत गरौँ ।

**जरिवानामै सीमित बजार अनुगमन !**

७ असोज २०८३ को ‘अन्नपूर्ण’ को ‘अर्थतन्त्र’ पृष्ठको शीर्षक हो - ‘चाडपर्वको मुखमा उपभोग्य वस्तुको अनियन्त्रित मूल्यवृद्धि ।’

नेपाली मतदाताहरूलाई मत दिँदा वा मत दिलाउँदा पुँजीवादी दलहरूले निर्वाचन घोषणापत्रभन्दा ‘उपहार’ र ‘रकम’ बाँड्ने गरी आएकै छन् र गर्दै जाने छन् - जसरी सयौँ वर्षदेखि बेलायत र संरा अमेरिकाको निर्वाचनमा हुन्छ ।

तर, साधारण जनतामा अर्थशास्त्र र राजनीतिक दलहरूको उद्देश्य र कार्यशैली थाहा नपाउँदा भोज खुवाए पनि खान दिने, चिया, कफी, जाँड, रक्सी र दिएका सबै पेय पदार्थ पनि पिउने गर्छन् ।

तर, व्यवहारमा कुन दलले धेरै रकम खर्च गर्छ, त्यो पार्टीले चुनावमा बहुमत ल्याउँछ र त्यस पार्टीले विदेशी व्यापारी, नेपाली कालाबजारी, ठेकेदार, तस्कर अथवा सीमामा सामानको चोरी गर्ने व्यापारीहरू सामानको मूल्य बढाएर चुनावमा खर्च गरेको वा पुँजीवादी दलहरूलाई दिएको चन्दाको दोब्बर बनाउँछन् भन्नेबारे थाहा पाउँदैनन् ।

*बाँकी पृष्ठ ८ मा*

# संस्कृतिको पहिचान र संरक्षण जरुरी



भक्तपुर, ८ असोज । भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा बिहीबार संस्कृतिकर्मीहरूको भेला भयो ।

उक्त कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले युवाहरू सांस्कृतिक क्षेत्रमा सक्रिय भई आफ्नो संस्कृति पहिचान र संरक्षण गर्न निरन्तर लाग्न आवश्यक रहेको चर्चा गर्नुभयो ।

उहाँले समाजवादी व्यवस्थामा मात्र बहुमत जनताको हित हुने चर्चा गर्दै जनतालाई सचेत र सङ्गठित गर्न निरन्तर सङ्घर्ष गर्नुपर्ने बताउँदै समाजमा काम गरिखाने वर्ग नै स्थापित हुने चर्चा गर्नुभयो ।

साबिक वडा नं. १० का पूर्ववडाध्यक्ष आशकुमार कोजुले गाईजात्रामा प्रदर्शन गर्ने गीत, नाटक, ख्यालहरूबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना परिघटनाबारे सन्देश र सचेतनामूलक हुने भएकोले निरन्तर गर्नुपर्ने बताउनुभयो । उहाँले आफ्नो भाषा, संस्कृति जोगाई राख्न जहाँ जुन देशमा गए पनि निरन्तर आत्मसात गर्नुपर्ने बताउनुभयो ।

वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाको सभापतित्वमा भएको उक्त कार्यक्रममा गणेशप्रसाद सुवाल, सरोज दथेपुथे, श्यामसुन्दर मातांले वडाले गर्दै आइरहेको विकास निर्माण कार्यहरूको जानकारी दिनुभयो ।

कार्यक्रममा वडा सदस्य मन्जु लाखाजुले पनि बोल्नुभयो ।

# इजरायली प्रमको विरोधमा महासभाका सदस्यहरूद्वारा बैठक बहिष्कार

काठमाडौँ, ८ असोज । संयुक्त राष्ट्र सङ्घको ८१ औँ महासभा न्युयोर्कमा सुरु भएको छ । न्युयोर्कस्थित संयुक्त राष्ट्र सङ्घको मुख्यालयमा उच्चस्तरीय छलफल तथा बैठक चालू छ । ‘विश्वास, पुनर्स्थापना, रुपान्तरण व्यवस्थापन : सबैका लागि परिणाम दिने संयुक्त राष्ट्र सङ्घ’ भन्ने उद्घोषका साथ भएको महासभामा समुद्री सतह बढ्दै गएको खतराबारे उच्चस्तरीय बैठक आयोजना गरिएको हो । बैठकमा समुद्री सतह वृद्धिका कारण प्रभावित मुलुक तथा समुदायको सुरक्षा, जीविकोपार्जन र दीर्घकालीन अन्तर्राष्ट्रिय सहकार्यका विषयमा छलफल भएको थियो । महासभाको उच्चस्तरीय सप्ताहन्तमा शान्ति तथा सुरक्षा, जलवायु परिवर्तन, कृत्रिम बुद्धिमत्ता, स्वास्थ्य तथा विश्वव्यापी सहकार्यलगायतका विषय प्रमुख रूपमा उठिरहेका छन् ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले सभामा बोल्न लाग्दा देशका विभिन्न राष्ट्र प्रमुख, प्रधानमन्त्री तथा प्रतिनिधिहरूले बैठक बहिष्कार गरेका थिए । राष्ट्र प्रमुख तथा प्रतिनिधिहरू हल बाहिर निस्किरहेको दृश्यले विश्वका मुलुकहरूको दृष्टिकोण इजरायलप्रति सकारात्मक नरहेको थाहा हुन्छ । कति देशका प्रतिनिधिहरूले सिटी बजाएर विरोध गरेका थिए । एक समय त सभा हल नै झन्डै शून्य स्थितिमा पुगेको थियो । बैठक बहिष्कार इजरायलले इरानमा गरेको आक्रमणको विरोधको सङ्केत हो । अमेरिकी प्रशासनको इसारा र सहयोगमा इजरायलले इरानमा हमला गरेको थियो । महासभामा भएको इजरायलको

*बाँकी पृष्ठ २ मा*

**व्यङ्ग्यचित्र कुनो**




# अविरल वर्षासँगै सतर्क रहन मौसमविद्को आग्रह

काठमाडौँ, ८ असोज । आगामी शनिबारसम्म विभिन्न स्थानमा वर्षाको गतिविधि बढ्ने सम्भावना रहेको मौसमविद्ले जनाउँदै बाढी, पहिरो तथा भारी वर्षाको सम्भावित असरबाट जोगिन सतर्कता अपनाउन आग्रह गरेका छन् ।

नेपाल मौसम विज्ञान विभागका मौसमविद् डेविड ढकालले अहिलेको अवस्थालाई लिएर अत्यधिक डराउनुपर्ने अवस्था नरहेको स्पष्ट पार्दै मौसमसम्बन्धी सूचनालाई भने नियमित रूपमा अद्यावधिक गर्नुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “वर्षा हुने सम्भावना देखिएकाले सतर्कता अपनाउनुपर्ने आवश्यकता छ, तर अत्यधिक डराउनुपर्ने अवस्था देखिएको छैन । मौसम छिनछिनमा परिवर्तन हुनसक्ने भएकाले न्यूनचापीय प्रणालीको निरन्तर निगरानी गरिरहेका छौँ र यसको प्रभावबारे नियमित रूपमा अद्यावधिक सूचना सार्वजनिक गर्दै जानेछौँ ।”

उहाँका अनुसार बङ्गालको खाडीमा विकसित न्यूनचापीय प्रणाली गहिरो न्यूनचापीय प्रणालीमा परिणत भई भारतको उत्तरी आन्ध्र प्रदेश तथा दक्षिणी ओडिसा आसपास जमिनमा प्रवेश गरेको छ । उक्त प्रणालीका कारण जलवाष्पयुक्त हावा नेपालतर्फ आइरहेकाले वर्षाको गतिविधि बढेको उहाँले बताउनुभयो ।

हाल कर्णाली प्रदेशदेखि पूर्वी भू-भागसम्म सामान्यतया बादल लागेको र गण्डकीको पूर्वी भू-भाग, लुम्बिनी, वाग्मती, कोसी तथा मधेस प्रदेशका विभिन्न स्थानमा वर्षा भइरहेको उहाँले जानकारी दिनुभयो ।

पछिल्लो २४ घण्टामा कोसी, मधेस, वाग्मती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा मध्यम वर्षा भएको तथा पाल्पा, अर्घाखाँची र कपिलवस्तु आसपास भारीदेखि धेरै भारी वर्षा भएको छ । ती क्षेत्रमा अधिकतम

*बाँकी पृष्ठ ८ मा*

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- ☐ नेपालमा खाद्य पदार्थमा मिसावट, कीरा परेको, म्याद गुज्रिएको अनुगमन गर्न लामो समयदेखि सरकारी निकाय ‘खाद्य प्रविधि विभाग’ कार्यरत छ । तर, मिठाइ, गुँदपाक, पुष्टकारी, चाउचाउ, बिस्कुट, पाउरोटी, फलफूलका जुस कीरा परेको, म्याद गुज्रिएको बरोबर भेटिएका छन् । खाद्य प्रविधि विभागका अधिकारीहरूले कीरा परेको, झिङ्गा भन्केको, म्याद गुज्रिएको र अखाद्य वस्तु मिसाएर उत्पादन गर्ने उद्योगलाई ऐनअनुसार कारबाही गर्ने वाचा लामो समयदेखि गर्दै आइरहेका हुन् । तर, पनि उपभोक्ताहरू स्वास्थ्यलाई हानि हुने खाद्य पदार्थ किन्न बाध्य छन् । यसतर्फ आजसम्मका सरकारहरूको ध्यान किन गएन ?
- ☐ सुत्केरी शरीरलाई आराम, पोषण र उपचार जरूरी हुन्छ । तर, मोरङको पथरी शनिश्चरेनगरका एक सुत्केरीको घरमा अन्न तथा आमा र शिशुलाई लुगासमेत नभएको अवस्थामा चार दिनदेखि छाप्रोमा बास भइरहेको सार्वजनिक भयो । यस्ता तस्बिर नेपालको ७७ जिल्लामा खोजे प्रशस्तै भेटिन्छन् । सरकारले भर्खरै संविधान दिवस मनायो तर संविधानमा रहेको सुरक्षित मातृत्व, स्वास्थ्य अधिकार, खाद्य प्रत्याभूतिसहितका हक कतिपय नेपालीको लागि टाढाको विषय बनेकोबारे कुनै पनि सरकार सचेत भएनन् किन ?

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**सूचना ! सूचना !! सूचना !!!**

नेपाल सरकार मौसम पूर्वानुमान महाशाखाबाट प्रसारित सूचनाअनुसार २०८३ असोज ८ गतेदेखि १२ गतेसम्म देशका विभिन्न स्थानमा भारी वर्षा हुन सक्ने र सोबाट बाढी पहिरो जान सक्ने सम्भावना रहेकोले खोला करिडोर, पहिरो जाने सम्भावित क्षेत्र र सम्भावित डुवान क्षेत्रमा बस्ने बासिन्दा तथा व्यवसायीहरू समयमै सचेत रहन अनुरोध गर्दछ । साथै सो समयमा लामो दुरीमा यात्रा नगर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# गुन्हिपुन्ही सापारूमा प्रदर्शित सांस्कृतिक प्रस्तुतिबारे केही टिप्पणी

✍ एस. स्वंगमिखा

२०८३ भदौ १० गते भोटेकोसी नदीमा अचानक ठुलठुला ढुङ्गा र लेदोसहितको विनाशकारी बाढी आउँदा हजारौँ नागरिकहरूले ज्यान गुमाए। अझै हजारौँ बेपत्ता छन्। बाढीले सहर र गाउँबस्ती बगायो, धान खेत सोत्तर पार्‍यो, पक्की पुल र जलविद्युत्का संरचनाहरूसमेत ध्वस्त बनायो। आर्थिक हिसाबले खबौँ रूपैयाँ बराबरको सम्पत्ति क्षणभरमै समाप्त पार्‍यो। बाढीको कारण ज्यान गुमाएका र बेपत्ता भएकाहरूका आफन्तहरूबिच रुवाबासी छ। 'भए सास, नभए लास' को आशामा कैयौँ रात अनिँदो बसेकाहरू धेरै छन्।

यस्तो प्रतिकूल परिस्थितिको दुई दिनपछि नेवा: सभ्यताको गुन्हिपुन्ही र तीन दिनपछि सापारु जात्रा मनाउनुपर्ने अवस्था भयो। भक्तपुरका धेरै जनतामा सापारुमा घिन्ताङघिसी र अन्य नाचहरू प्रदर्शन होला कि नहोला भन्ने अन्योल थियो। धेरैले सामाजिक सञ्जाल तथा अन्य विभिन्न माध्यमबाट भक्तपुर नगरपालिकालाई पीडाको समयमा रमाइलो नगर्न र सांस्कृतिक विधाहरूको मूल्याङ्कन नगर्दा उचित हुने सल्लाह दिएको पाइयो। तथापि, अग्रज व्यक्तित्व र सांस्कृतिक गुरुहरूसँग विभिन्न चरणको छलफलमा सापारु आफैँमा मृत्यु संस्कारसँग जोडिएको जात्रा र मृतक परिवारलाई सान्त्वना तथा मानसिक पीडाबाट मुक्त गर्न सापारु र गुन्हिपुन्हीको अवधिमा विभिन्न सांस्कृतिक प्रस्तुतिहरू देखाइने परम्परा रहेको तर्क आएपछि नगरपालिकाले विगत वर्षमा झैँ मूल्याङ्कनको व्यवस्था गरेको बताइयो।

सामाजिक सञ्जालमा केही साथीहरूले भक्तपुर नगरपालिकालाई नराम्ररी आलोचना गरेको देख्दा म आफैँ पनि मृतक परिवारको सदस्य भएको नाताले आफ्नो अनुभूति प्रस्तुत गर्ने प्रयत्न गरेको छु। सबैको अनुभव एकै खालको हुन्छ भन्ने त होइन, तर यो वर्ष सापारुमा ताहामचासँगै घिन्ताङघिसीमा सहभागी हुँदा बाजाको बोल र कलाकारहरूको नाचले सेतो बरखी वस्त्र लगाएका मजस्ता धेरैलाई आत्मिक शान्ति मिलेको महसुस भएको छ। अन्य बाजाको बोल हुँदो हो त निरन्तर उही बोल दोहरिरहँदा दिक्क लाग्ने थियो, तर घिन्ताङघिसीको बोल दिनभरि कानमा ठोक्किँदा पनि पटक्कै असजिलो लागेन। 'गिनित्वं' को बोलले पीडा भुल्न सहयोग गर्छ भनी अग्रजहरूले त्यतिकै भनेको होइन भन्ने भान भयो मलाई। सङ्गीत पनि उपचारविधि हो भन्ने विज्ञान चेत खुलेको अनुभूति भयो।

यसपटक परिवारका अन्य सदस्यहरूको साथमा कृष्णाष्टमीसम्म नगरपालिकाले मूल्याङ्कनको व्यवस्था गरेको स्थानमा परम्परागत तथा आधुनिक विधाका सांस्कृतिक कार्यक्रमहरू हेर्ने समय मिल्यो। समयाभाव त के भनुँ, सांस्कृतिक कार्यक्रमप्रति अनाकर्षणको कारणले यसअघिका वर्षहरूमा खासै चासो राखेर कार्यक्रममा सहभागी भएको थिइनँ। यसपालि भने परिवारसँगै पूरै अवधि प्रस्तुत गरिएका अधिकांश सांस्कृतिक प्रस्तुतिहरू हेरियो। नगरपालिकाले प्रदर्शनकर्ताहरूसँगै दर्शकहरूको सुविधालाई पनि ध्यानमा राखेर वर्षाको पानी नचुहिने व्यवस्था गरेको, दर्शकका लागि बस्ने मेचको व्यवस्था गरेको, रात्रिकालीन बत्ती र माइकको व्यवस्था गरेकोले हरेक साँझ दर्शकहरूको खचाखच उपस्थितिमा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो। प्रदर्शनकर्ता सांस्कृतिक टोलीहरूलाई हरेक साँझको आफ्नो प्रस्तुति पालोको अग्रीम जानकारी दिइएको भएर हो कि, एकपछि अर्को सांस्कृतिक प्रस्तुतिहरू सुरु गरिँदा मञ्च एकछिन पनि खाली हुन पाएन। खुला थियटरमा नि:शुल्क सांस्कृतिक कार्यक्रम हेर्न पाएजस्तो लाग्यो। साँच्चै भन्नुपर्दा पाँच दिनसम्म लगातार चलेको सांस्कृतिक प्रस्तुतिहरूले म र मेरा परिवारका सदस्यहरूलाई आफन्त बित्दाको पीडाबाट मुक्त गरेको पूर्ण अनुभव भयो। आफन्त बितेका अन्य परिवारहरूले पनि यस्तै अनुभव गरे होलान् भन्ने मेरो अनुमान छ। नेवा: सभ्यता साँच्चिकै वैज्ञानिक र उत्कृष्ट रहेछ। यस अर्थमा सांस्कृतिक प्रस्तुतिको व्यवस्थापन गर्ने भक्तपुर नगरपालिका र नगरवासीहरू सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु। साथै हामीजस्ता पीडामा बसेका मृतक परिवारलाई चोट पुग्ने गरी सस्तो लोकप्रियताको लागि सामाजिक सञ्जालमा भ्रामक स्टाटस र कमेन्ट नलेख्न सम्बन्धित सबैमा अनुरोध गर्दछु।



**सांस्कृतिक प्रस्तुतिहरूको व्यक्तिगत समीक्षा**

गुन्हिपुन्ही सापारुको अवधिमा प्रस्तुत गरिएका परम्परागत तथा आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूले मोहनी लगाएझैँ भयो। कृष्णाष्टमीसम्म लगातार पाँच दिन बेलुकी ६ बजेदेखि राति १२ बजेको हाराहारीसम्म देखाइएका सबै सांस्कृतिक कार्यक्रमहरू हेरेर मनोरञ्जन प्राप्त गरियो। खाना खाने समयमा मात्र हेर्न छुट्यो कि भन्ने लाग्छ। प्रत्येक सांस्कृतिक प्रस्तुतिले दर्शकहरूको ध्यान एकाग्र गर्ने क्षमता राखेको अनुभव भयो। अहिले फर्केर हेर्दा ती पाँच दिनका प्रदर्शनीहरू तथा सापारुको दिनभरिको सांस्कृतिक गतिविधिले साँचो मानेमा मृतक परिवारमा दु:ख पीडारूपी घाउमा मल्हम लगाइदिएको छ।

भक्तपुर नगरपालिकाको आधिकारिक स्रोतसँगको कुराकानीबाट सापारुको दिन भदौ १३ गते ५८ वटा घिन्ताङघिसी र ८ वटा माक प्याखंसहित कृष्णाष्टमीसम्मको पाँच दिनको सन्ध्याकालीन प्रस्तुतिमा जम्मा ४१ वटा सांस्कृतिक टोलीहरू सहभागी थिए। नगरपालिकामा दर्ता गरिएको विवरणको आधारमा कुल ९४८ जनाभन्दा बढी कलाकारहरू सांस्कृतिक प्रस्तुतिमा प्रत्यक्ष संलग्न थिए। यीमध्ये ५४७ जना पुरुष र ४०१ जना महिला कलाकारहरू थिए। कोही बाजा बजाउने त कोही गीत गाउने, अनि कोही नृत्य तथा अभिनय प्रस्तुत गर्ने कलाकारहरू थिए। ८० वर्षभन्दा माथिका हजुरबुबा-हजुरआमा पुस्तादेखि १३ वर्षभन्दा मुनिका नाति-नातिनाहरू एउटै समूहमा सहभागी भई एउटै तालमा नाच्ने, एउटै धुन बजाउने, एउटै लयमा गाउने तथा एउटै भावनामा कला प्रस्तुत गर्ने बेजोडका दृश्य देख्न पाइन्थ्यो। संस्कृति कर्म नयाँ पुस्तामा पुस्तान्तरणसँगै जीवन्त बनेको ज्वलन्त उदाहरण बनेको थियो। माक प्याखं र घिन्ताङघिसीका कलाकारहरूसमेत जोड्ने हो भने हजारौँको सङ्ख्या पुग्नेमा दुईमत छैन। मानौँ, गुन्हिपुन्ही सापारुको अवधिमा भक्तपुर नै नाचेको, भक्तपुरवासीका सबै हातहरू एकै तालमा हल्लिएका र सबै खुट्टाहरू एउटै चालमा चलिरहेका थिए। संसारकै मानव सभ्यताको निम्ति यो एउटा अनुपम सांस्कृतिक उपहार बनेको दृष्टान्त लिन सकिन्थ्यो।

आधुनिकताको नाममा सामाजिक सञ्जाल र अनलाइन गेमको कुलतमा फसिरहेको नयाँ पुस्तालाई कोठाको चौघेराबाट बाहिर ल्याउने, समाज र देशको वर्तमान अवस्थाबारे जानकारी गराउने, अनि सकारात्मक परिवर्तनका लागि जिम्मेवारीबोध गराउने सर्वोत्तम अवसर बन्यो गुन्हिपुन्ही सापारु। कलाकारहरूको जीवन्त प्रस्तुति अवलोकन गरिरहेका दर्शकहरू आफैँ गीत-सङ्गीत र नाटकमा बाँचिरहेकाजस्ता देखिन्थे। कलाकारहरूले पस्किने हाँस्य प्रस्तुतिसँगै उन्मुक्त हाँसोमा मात्र तिनीहरू सम्मिलित भएनन्, बरु कहिले व्यङ्ग्यवाणले घाइते हुन्थे त कहिले विरहमा रुन्थे, अनि कहिले वर्गीय र सामाजिक विभेद र अपराधका विरुद्ध विद्रोहको आगो ओकल्ने र देशभक्ति भावनामा उद्वेलित हुने प्रतिक्रिया व्यक्त गर्थे। यसैलाई सांस्कृतिक प्रस्तुतिको सफलता मान्न सकिन्थ्यो।

**नगरपालिकाको प्रेरणादायी कार्य**

हरेक वर्ष गुन्हिपुन्ही सापारुको समयमा भक्तपुरका टोल-टोलबाट परम्परागत तथा आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरू प्रदक्षिणा मार्गमा देखाउने चलन धेरै अघिदेखि चल्दै आएको हो। प्रदर्शनीहरू पूर्ण रूपमा स्वयंसेवी भावनाले देखाइन्थे। दाफा, भजन, सांस्कृतिक पुच: तथा स्थानीय टोलवासी सांस्कृतिक अगुवाहरूले आफ्नै खर्चमा वा अलिअलि आर्थिक चन्दा उठाएर बाजागाजा, सांस्कृतिक पोशाक तथा मकुन्डो बनाउँथे। सांस्कृतिक प्रशिक्षण तथा प्रदर्शनीको क्रममा खाना-खाजाको व्यवस्था आफ्नै खर्चमा हुन्थ्यो। टोल-टोलमा प्रस्तुति गरिँदा कसैबाट आर्थिक लाभको अपेक्षा गरिँदैनथ्यो। प्रशिक्षण केन्द्र (अख:छेँ) स्वेच्छाले नि:शुल्क उपलब्ध गराइन्थ्यो वा सामूहिक खर्चमा बनाइन्थ्यो। तर, समयक्रमसँगै खर्च व्यवस्थापनमा चुनौती देखिन थालेपछि आर्थिक अभाव, प्रशिक्षण केन्द्र उपलब्ध नहुँदा तथा नयाँ पुस्तामा आकर्षण कम हुँदा कतिपय सांस्कृतिक विधाहरू प्रदर्शनी गर्न नसकिने अवस्थामा पुगेको र लोप नै भएको तीतो यथार्थ धेरैले भोगेका थिए।

विषम परिस्थितिमा पुर्खाले नासोको रूपमा छोडेका सांस्कृतिक विधाहरूलाई जीवन्त बनाउन र नयाँ पुस्तामा हस्तान्तरण गर्न भक्तपुर नगरपालिकाले सांस्कृतिक पुच:, दाफा भजनलगायतलाई आर्थिक सहयोग गर्ने नीति लियो। स्वभाविक रूपमा प्रस्तुत हुने सांस्कृतिक विधाहरूलाई प्रतियोगिताको रूपमा मूल्याङ्कनको प्रणाली अपनाइँदा प्रतिस्पर्धामा अब्बल बन्नका लागि मेहनत गर्न थालियो भने नयाँ पुस्तामा संस्कृतिप्रतिको लगाव पनि बढ्न थाल्यो। पुरस्कारबापत पाइने रकमले सांस्कृतिक पोशाक र मकुन्डो बनाउने, अख:छेँ पुन: निर्माण तथा स्तरोन्नति गर्ने कार्यमा मद्दत मिलेको धेरैको अनुभव छ। पछिल्ला वर्षहरूमा परम्परागत सांस्कृतिक विधाहरूमा नयाँ पुस्ताको सहभागिता उल्लेखनीय हुन थालेपछि सांस्कृतिक अग्रज गुरुहरूमा आफ्नो जीवन समर्पण गरेर बचाइरहेको संस्कृति जीवन्त हुने र युगौँसम्म बच्ने आशासहित खुसी देखिन थालेको छ। सांस्कृतिक गतिविधिहरूमा खेलकुदमा जस्तै अनुशासन र सामूहिक भावना प्रस्फुटित भएको देख्न सकिन्छ। यस्तो पवित्र कार्यमा भक्तपुर नगरपालिकाको साथ र सहयोग सबैका लागि प्रेरणादायी बनेको छ।

यसका अतिरिक्त मूल्याङ्कनबाट उत्कृष्ट ठहरिएका प्रस्तुतिहरूलाई पुरस्कारसँगै स्थानीय अग्रज सांस्कृतिक गुरुहरूलाई भव्य समारोहमार्फत सम्मान गरिनुलाई गुनिलो अभ्यास मान्न सकिन्छ। औपचारिक विद्यालय शिक्षा नपाएका वा कम भएका व्यक्तित्वहरू पनि संस्कृति कर्ममा जीवन समर्पण गर्नुहुने थुप्रै हुनुहुन्छ। उहाँहरूको कला र सीपको स्थानीय सरकारले औपचारिक मान्यता दिनु र प्रमाणपत्र प्रदान गर्नुले प्राज्ञिक दक्षताको सम्मान गरेको प्रस्ट हुन्छ। तिनै गुरुहरूको समीपमा रहेर अध्ययन अनुसन्धान तथा अभ्यास गरेर उत्कृष्ट विश्वविद्यालयका स्वदेशी तथा विदेशी विद्यार्थी तथा शोधार्थीहरूले स्नातकोत्तर, एमफिल र पीएचडीको डिग्री हासिल गरिसकेको उदाहरण थुप्रै छन्। यस मानेमा सांस्कृतिक गुरुहरू विश्वविद्यालयका प्राध्यापक सरह हुन्। यसलाई स्थानीय सरकारले सरकारी लोगोसहित औपचारिक मान्यता प्रदान गरेको मान्न सकिन्छ।

अन्त्यमा, भक्तपुर नगरपालिकाले अगाडि सारेको नारा 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' को ऐतिहासिक पृष्ठभूमि, यसको महत्ता र सार्थकताको विषयमा नयाँ पुस्तामा चर्चा चल्न थालेको छ। संस्कृतिमा थोरै रुचि राख्ने मजस्ता सर्वसाधारणलाई समेत अग्रजहरूको दूरदर्शिताप्रति नमन गर्ने वातावरण सिर्जना गरिएको छ। यो नै हाम्रो परिचय हो र गौरव पनि।

साधुवाद !

# भक्तपुर बचतद्वारा सञ्चालित नौ बाजाको दीक्षान्त सम्पन्न



भक्तपुर, ८ असोज। भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सांस्कृतिक उपसमितिको आयोजनामा १० महिने नौ बाजाको प्रशिक्षण बिहीबार सम्पन्न भएको छ। उक्त बाजा २०८२ मङ्सिर ११ गते सुरु भएको थियो।

दीक्षान्त समारोहमा कार्यक्रमका प्रमुख अतिथि एवम् संस्थाका सल्लाहकार विष्णुगोपाल कुसीले सिकेको सीपलाई निरन्तर प्रयोगमा ल्याउनुपर्नेमा जोड दिँदै बाजा बेलाबखत बजाइरहनुपर्ने बताउनुभयो।

उहाँले नाचगानको सहर भक्तपुरमा हरेक खालका बाजागाजा नयाँ पुस्तामा हस्तान्तरण भइरहेकोमा खुसी व्यक्त गर्दै भक्तपुरको पहिचान बचाइराख्ने हो भने यस्ता लोपोन्मुख बाजाको निरन्तर प्रशिक्षण हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले भक्तपुरका जनताले यहाँको बाजासँगै ऐतिहासिक सामग्रीको संस्मरणका लागि सङ्ग्रहालय स्थापना गर्नुपर्ने बताउनुभयो। उहाँले सभ्य समाज निर्माणका लागि कलाकृति बचाउनुपर्ने र यसले शारीरिक एवम् मनमस्तिष्क नै स्वच्छ रहने र अनुशासनको पाठ सिकाउने स्पष्ट पार्नुभयो। बाजाको विकास र महत्त्वबारे चर्चा गर्दै उहाँले आ-आफ्नो सीप नयाँ पुस्तालाई हस्तान्तरण गरे मात्र बाजाले जीवन्तता पाउने बताउनुभयो।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले संस्थाले हालसम्म ३ सय ८५ जना सांस्कृतिक प्रशिक्षार्थीलाई दीक्षित गरिसकेको बताउँदै संस्थाको आवश्यकता र उद्देश्य पूरा गर्न प्रशिक्षार्थीहरूले महत्त्वपूर्ण योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सिकेका नौबाजालाई समाजमा प्रस्तुत गर्दै गएमात्रै बाजाको मौलिकता बाँकी रहने स्पष्ट पार्नुभयो।

प्रशिक्षकका तर्फबाट रभिम कपालीले उपत्यकामै लोप हुन लागेको यस्तो बाजा संस्थागत रूपमा भक्तपुर बचतले सिकाएको बताउँदै भक्तपुरको सांस्कृतिक उत्थानमा भक्तपुर बचतको योगदानको कदर गर्नुभयो।

प्रशिक्षार्थीका तर्फबाट सन्देश प्रजापतिले दुई दशकदेखि नै नौ बाजा सिक्ने रहर भएर पनि पूरा हुन नसकेकोमा भक्तपुर बचतले पूरा गरेको स्मरण गर्नुभयो। उहाँले दक्ष गुरुहरूको दीक्षाबाट प्रशिक्षार्थीहरू राम्रो दीक्षा लिन सफल भएको बताउनुभयो।

आयोजक समितिका संयोजक नारायणी खौंजुले सदस्यहरूको चाहना र आवश्यकताअनुसार विभिन्न खालका बाजाको प्रशिक्षण दिइरहेको औँल्याउँदै धेरै अघिदेखिको संस्थाको सोच अहिले पूरा भएको स्पष्ट पार्नुभयो।

मुख्य प्रशिक्षक पञ्चलाल लाछिमस्यू, सहायक प्रशिक्षकहरू गोपाल लाछिमस्यू, इन्दिरा लाछिमस्यू, रभिम कपाली र राजकुमार मानन्धर रहेको उक्त तालिममा ३० जना प्रशिक्षार्थीहरू दीक्षित भएका थिए।

कार्यक्रममा प्रमुख अतिथि विष्णुगोपाल कुसीले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण र संस्थाका अध्यक्ष निर्मल प्रजापतिले गुरुहरूलाई सम्मान तथा मायाको चिनो प्रदान गर्नुभयो। कार्यक्रममा आयोजक समितिका सदस्य प्रज्वल प्रजापतिले पनि बोल्नुभएको थियो।

***इजरायली...***

विरोधले विश्वका जनता इजरायलको पक्षमा नभएको थाहा हुन्छ। यसले विश्वका मुलुक र जनता साम्राज्यवाद र साम्राज्यवादी नीतिको पक्षमा नरहेको सङ्केत गर्छ।

इरानका राष्ट्रपति मसूद पेजेस्कियानले भने, "युद्ध अन्त्य गर्न कूटनीतिक माध्यमबाट समाधान खोज्न इरान तयार छ। तर, हामी कहिल्यै साम्राज्यवादसामु घुँडो टेक्ने छैनौँ।"

महासभाका सदस्यहरूले उहाँलाई उठेर स्वागत गरेका थिए। उहाँको भनाइप्रति समर्थन गर्दै ताली बजाइएको थियो। तर, अहङ्कारी, शक्तिको घमण्ड गर्ने संरा अमेरिकाका राष्ट्रपति ट्रम्पले सो सभामा 'इरानलाई सखाप पार्ने' धम्की दिएर संसारलाई आतङ्कित पार्ने काम गरे। विश्वका जनतालाई आतङ्कितमात्र होइन असुरक्षित बनाउने धम्की दिएर त्रसित बनाउने विचार ट्रम्पले फेरि दोहोर्‍याए। सम्झौता गर्ने अनि सम्झौताको मसी सुक्न नपाउँदै आक्रमण गर्ने अमेरिकी नीति र क्रियाकलापको पनि सभामा सहभागी देशहरूले विरोध गरे।

विश्वका राष्ट्रप्रमुख र जनताले अमेरिका कति रुष्ट, निर्दयी र आतङ्कित पार्ने देश रहेछ भन्ने कुरा महासभामा बोलेको अभिव्यक्तिले बताउँछ। यसकारण, विश्वका शान्तिकामी र देशभक्त जनता साम्राज्यवादी नीतिको विरोधमा छन्। संसारबाट साम्राज्यवाद अन्त्य नभएसम्म संसारका देश र जनताले सुरक्षाको अनुभूति गर्न पाउने छैनन्; संसारमा आतङ्क मच्चाउने, आतङ्कित पार्ने देशमा संरा अमेरिका अगाडि छ। उसको पछि दौड्ने देशमा इजरायल, युक्रेन आदि रहेका छन्। शक्तिशाली देशले गर्ने आक्रमण, आर्थिक नाकाबन्दी, दबाब र हस्तक्षेपको विरोधमा संरा सङ्घको पनि ध्यान पुग्नुपर्छ। संसारमा शान्ति छर्ने, देशलाई सुरक्षित बनाउने काममा संरा सङ्घ सचेत हुनुपर्छ; ठुलो देशले सानो देशलाई गर्ने हस्तक्षेपको विरोध र निन्दामात्र होइन त्यस्तो कार्य रोक्नु पर्छ। आफ्नो विचार नमानेका देश र देशका राष्ट्र प्रमुख तथा जनतालाई आतङ्कित, असुरक्षित र हस्तक्षेप गर्ने अमेरिकी नीतिको संरा सङ्घले विरोध गर्नुपर्छ। महासभाको बैठकले सोको प्रस्ताव पारित गर्नुपर्छ।

महासभाको बैठकमा साम्राज्यवादी पक्षधर र विरोधीहरूको कित्ता छुटिनु स्वाभाविक हो। साम्राज्यवादी देशहरूको आक्रमण विश्वका देश र जनताले जहिल्यै सहँदैनन्; स्वीकार्दैनन्। अमेरिकी आक्रमण या युद्धको लाखौँ करोडौँ जनताले विरोध गरेका थिए। विश्वका सबैजसो मुलुकका दल र जनताले साम्राज्यवादी नीति र आक्रमणको विरोध गरेका थिए। आतङ्क फैलाउने र आक्रमण गर्ने अमेरिकी सरकारको विश्वभर विरोध भइरहनुको अर्थ साम्राज्यवादी नीतिको कारण अमेरिका विश्वबाट एक्लिँदै छ; साम्राज्यवादको विरोध विश्वका जनताले गरिरहेका छन्। शान्तिप्रेमी र देशभक्त जनता एकातिर र साम्राज्यवाद र साम्राज्यवादी देशका पिछलग्गूहरू अर्कोतिर छन्। साम्राज्यवादको विरोध विश्वभरि फैलिनु सकारात्मक पक्ष हो। यसले विश्वमा सकारात्मक सन्देश छर्नेछ; छरिरहेको छ। यो एक्काइसौँ शताब्दी साम्राज्यवादको अन्त्यको शताब्दी हुने राजनीतिज्ञहरूको विश्लेषण सत्यको नजिक पुग्दै छ।

सङ्क्षिप्त समाचार

# भाषाविद् डा. बन्धु सम्मानित

काठमाडौँ, ८ असोज । त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभागले नेपाली साहित्य, लोकसाहित्य तथा भाषा-व्याकरणका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएका प्रा.डा. चूडामणि बन्धुलाई सम्मान गरेको छ ।

विभागको ६७ औँ स्थापना दिवसका अवसरमा कीर्तिपुरमा आयोजित कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाले प्रा.डा. बन्धुलाई सम्मान गर्नुभएको हो । नेपाली साहित्य, लोकसाहित्य तथा भाषा-व्याकरणको अध्ययन, अनुसन्धान र प्रवर्द्धनमा डा. बन्धुले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै सम्मान गरिएको विभागका प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपानेले जानकारी दिनुभयो ।

सो अवसरमा विभागबाट सेवा निवृत्त पूर्व विभागीय प्रमुखद्वय प्रा.डा. कृष्णप्रसाद घिमिरे र प्रा.डा. खगेन्द्रप्रसाद लुइँटेल तथा प्रा.डा. भरतकुमार भट्टराईलाई बिदाइ सम्मान गरिएको थियो । कार्यक्रममा विश्वविद्यालय क्याम्पसका प्रिन्सिपल, पूर्व विभागीय प्रमुख प्रा.डा. दयाराम श्रेष्ठ, भाषाविद् प्रा.डा. माधवप्रसाद पोखरेललगायत विभिन्न विभागका विभागीय प्रमुखको उपस्थिति थियो । *रासस*

# मेची राजमार्ग र मेची करिडोरमा यातायात सञ्चालनमा रोक

इलाम, ८ असोज । मेची राजमार्ग र मेची करिडोर (केचना-कञ्चनजङ्गा सडक) मा बिहीबारदेखि रातको समयमा सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय इलामले एक सूचना जारी गर्दै असोज ८ गते बेलुका ७:०० बजेदेखि ११ गते बिहान ५:०० बजेसम्म मेची राजमार्ग बन्द गरिने जनाएको हो ।

जल तथा मौसम विज्ञान विभागको मौसमसम्बन्धी बुलेटिन अनुसार असोज ९ देखि ११ सम्म नेपालभर भारी वर्षाको सम्भावना रहेको जनाएपछि सुरक्षालाई ध्यानमा राख्दै रातको समयमा राजमार्गमा सवारी आवागमन बन्द गरिएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताउनुभयो ।

प्रजिअ ढकालले भन्नुभयो, "मेची राजमार्ग र मेची करिडोर अहिले पनि जोखिमपूर्ण र जीर्ण अवस्थामा सञ्चालन भइरहेका छन् । जल तथा मौसम विज्ञान विभागको बुलेटिनअनुसार भारी वर्षा हुने सम्भावना रहेकाले सुरक्षालाई ध्यानमा राखी रातको समयमा दुवै राजमार्ग बन्द गरिएको हो ।"

जिल्ला प्रशासन कार्यालयले रातको समयमा दुई राजमार्गसँगै अन्य भित्री सडकमा रातको समयमा सावारीसाधन सञ्चालन नगर्न तथा तोकिएको समय र व्यवस्थाको पालना गर्न आग्रह गरेको छ । *रासस*

# एसियाली खेलकुद प्रतियोगिता टेबलटेनिसमा नेपालका खेलाडी पराजित

काठमाडौँ, ८ असोज । जापानमा जारी बीसौँ एसियाली खेलकुद प्रतियोगिता-२०२६ अन्तर्गत टेबलटेनिसको पुरुष एकल विधामा नेपालका खेलाडीद्वय रुबिन महर्जन र संयोग कपाली प्रतियोगिताको पहिलो चरणबाटै बाहिरिएका छन् । जापानको नायोगास्थित काइ हल टोयोटामा बिहीबार भएको खेलमा रुबिन मकाउका खेलाडी टिन इयान माकसँग पराजित हुँदा संयोग यमनका इब्राहिम गुब्रानसँग पराजित भए । रुबिनले खेलको पहिलो सेट ११-५ ले गुमाए तर खेलको दोस्रो सेट भने आफ्नो पक्षमा पारे । उनले दोस्रो सेटमा ११-३ को जित निकाले । तर, उनी त्यसपछिको लगातार सेटमा पराजित भए । खेलको तेस्रो सेट ११-९, चौथो सेट ११-४ तथा पाँचौँ सेट १२-१० ले गुमाए ।

यता संयोगले पनि यमनका खेलाडी इब्राहिम गुब्रानसँग समान ४-१ कै सेटमा पराजित भए । उनले खेलको पहिलो सेट ११-५ ले गुमाए भने खेलको दोस्रो सेट ११-८ ले पछि परे । त्यसपछि खेलको तेस्रो सेट ११-५ ले जित्दै खेलमा फर्किने प्रयास गरेता पनि सफल भएनन् । त्यसपछि खेलको चौथो र पाँचौँ सेट क्रमश: ११-७ र ११-६ ले पराजित हुन पुगे । *रासस*

# सार्वजनिक ऋण २९ खर्ब नाघ्यो

काठमाडौँ, ८ असोज । सरकारले तिर्न बाँकी कुल सार्वजनिक ऋणको दायित्व रु. २९ खर्ब ७३ अर्ब पाँच करोड ९२ लाख पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत भदौ मसान्तसम्ममा सरकारले तिर्न बाँकी कुल ऋण दायित्व मुलुकको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ४५ प्रतिशत नाघेको हो ।

कार्यालयका अनुसार आन्तरिकतर्फ रु. १३ खर्ब ६१ अर्ब ८७ लाख र बाह्य ऋण दायित्वतर्फ रु. १६ खर्ब ११ अर्ब १८ करोड ८३ लाख बराबर छ । जिडिपीका आधारमा आन्तरिक ऋण दायित्वको प्रतिशत २० दशमलव ६३ र बाह्य ऋण दायित्व २४ दशमलव ४१ प्रतिशत हुन आउँछ । सरकारले चालु आर्थिक वर्षका लागि रु. छ खर्ब ५८ अर्ब २८ करोड सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकोमा गत भदौ मसान्तसम्ममा रु. ६१ अर्ब पाँच करोड ऋण प्राप्ति भइसकेको छ । वार्षिक लक्ष्यको तुलनामा हालसम्मको कुल सार्वजनिक ऋण प्राप्ति नौ दशमलव २८ प्रतिशत बराबर हो ।

कार्यालयका अनुसार यसवर्ष सरकारले आन्तरिकतर्फ रु. चार खर्ब १० अर्ब र बाह्यतर्फ रु. दुई खर्ब ४८ अर्ब २८ लाख ऋण उठाउने लक्ष्य राखेको छ । जसमध्ये भदौ मसान्तसम्ममा आन्तरिकतर्फ रु. ५० अर्ब र बाह्य ऋणतर्फ रु. ११ अर्ब पाँच करोड उठाइएको छ । यस अवधिसम्ममा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीका लागि पनि ठूलो रकम खर्च भएको छ । कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षका लागि सरकारी ऋणको साँवा र ब्याज तिर्न रु. चार खर्ब १७ अर्ब ८८ करोड बजेट विनियोजन भएको छ । जसमध्ये भदौ मसान्तसम्ममा रु. ८५ अर्ब एक करोड छ लाख भुक्तानी भइसकेको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा २० दशमलव ३४ प्रतिशत बराबर हो । कुल गार्हस्थ्य उत्पादनको आधारमा भदौ मसान्तसम्ममा कुल ऋण सेवा खर्च एक दशमलव २९ प्रतिशत रहेको छ । *रासस*



**बन्द अवस्थामा रहेको वायु तथा सौर्य ऊर्जा प्लान्ट परियोजना**

६ वर्षदेखि बन्द अवस्थामा रहेको अछामको कमलबजार नगरपालिकामा अवस्थित सुदूरपश्चिम प्रदेशकै एकमात्र ३१ किलोवाटको वायु तथा सौर्य ऊर्जा प्लान्ट परियोजना । वायु ऊर्जाको प्राविधिक समस्या, चट्याङ, तथा टर्वाइनका पार्टपुर्जाहरू बिग्रेका कारण अहिले बन्द अवस्थामा छ । *तस्बिर: सुशील भण्डारी/रासस*

# राहुघाट निर्माणको १६ वर्षे यात्रा असफल ठेक्कादेखि परीक्षण उत्पादन

**- सन्तोष गौतम**

म्याग्दी, ८ असोज । म्याग्दीको बहुप्रतिक्षित राहुघाट जलविद्युत् आयोजना सुरु भएको डेढ दशकको अवधिमा परीक्षण उत्पादनको चरणमा पुगेको छ ।

पहिलोपटक ३२ मेगावाट क्षमतामा निर्माण अघि बढाइएको आयोजना ठेकेदारको समस्या, ठेक्का रद्द, पुन:संरचना, नयाँ ठेकेदार छनोट, कोरोना महामारी, बाढीपहिरो, नदीजन्य निर्माण सामग्रीको अभाव लगायतका कारण डेढ दशकपछि सम्पन्न हुन लागेको हो ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेर म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माण भएको आयोजनाको परीक्षण सफल भएको छ ।

कुल २०/२० मेगावाट क्षमताका दुई वटा युनिटको मङ्गलबार र बुधबार परीक्षण गरी केन्द्रीय प्रणालीमा विद्युत् आपूर्ति गराउन थालिएको रघुगङ्गा हाइड्रोका प्रबन्ध सञ्चालक गणेश केसीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "दुई वटै युनिटलाई पूर्ण क्षमतामा चलाएर केन्द्रीय प्रसारण लाइनमा जोडेका छौँ । विद्युत् प्राधिकरणसँग भएको सम्झौताअनुसार १५ दिन परीक्षण उत्पादन गरेपछि व्यावसायिक उत्पादन सुरु हुन्छ ।"

रघुगङ्गा गाउँपालिका-४ दग्नाम र वडा न ५ झीँको फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र दुई वटा पानी थिग्र्याउने पोखरी निर्माण भएको छ । कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-सडक छेउमा रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरमा विद्युत्गृह छ ।

तिल्केनीचौरदेखि घुमाउनेताल, पिप्ले, मौवाफाँट, बुग्ल हुँदै बाँधस्थलसम्म ११ किलोमिटर पहुँचमार्ग निर्माण र राहुघाटमा एक बेलिब्रिज निर्माण भएको आयोजना प्रमुख राजबहादुर विष्टले बताउनुभयो ।

विद्युत्गृह परिसरमा स्विचयार्ड र कालीगण्डकी कोरीडोरअन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा जोड्न आवश्यक संरचना निर्माण गरिएको छ ।

आयोजनाले वार्षिक २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो ।

**आईभीआरसीएलसँग सुरु भएको यात्रा**

राहुघाट जलविद्युत् आयोजना निर्माणका लागि नेपाल विद्युत् प्राधिकरणले भारतीय निर्माण कम्पनी आईभीआरसीएलसँग २०६७ कार्तिक १८ गते रु. दुई अर्ब ५० करोडमा सिभिल ठेक्का सम्झौता गरेको थियो । आईभीआरसीएलले सम्झौताअनुसार काम गरेको भए राहुघाटले विसं २०७० मै विद्युत् उत्पादन सुरु गर्ने थियो ।

कमजोर आर्थिक अवस्थाका कारण काम गर्न नसकेपछि विद्युत् प्राधिकरणले विसं २०७२ मा आईभीआरसीएलसँगको ठेक्का रद्द गऱ्यो । ठेक्का तोडिँदा पाँच वर्षको अवधिमा आयोजनाको भौतिक प्रगति १२ प्रतिशतमा सीमित थियो ।

प्राधिकरणले आयोजना पुन:संरचना गरी क्षमता ३२ मेगावाटबाट बढाएर ४० मेगावाट बनाउने र कम्पनी मोडेलमा निर्माण अघि बढाउने निर्णय गऱ्यो । मुद्दा झेलेरै भए पनि आईभीआरसीएलसँगको ठेक्का रद्द हुनु राहुघाट आयोजनाको निर्माण यात्राको पहिलो ठूलो मोड बन्यो ।

**कम्पनी मोडेलमा नयाँ सुरुआत**

आईभीआरसीएलको ठेक्का रद्द भएपछि प्राधिकरणले विसं २०७३ मा सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर लिमिटेड स्थापना गरी आयोजना अघि बढायो । भारतीय एक्जिम बैङ्कको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको लगानीमा इन्जिनियरिङ, प्रोक्युरमेन्ट एन्ड कन्ट्याक्ट (इपिसी) प्रारूपमा राहुघाट निर्माण गर्ने प्रक्रिया अघि बढाइएको हो ।

नयाँ प्रक्रियाबाट छनोट भएको सिभिल ठेकेदार भारतीय कम्पनी जयप्रकाश एसोसिएट्स (जेपी) सँग ४५ महिनामा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०७४ मङ्सिर ६ गते करिब रु. छ अर्बमा ठेक्का सम्झौता भएको थियो ।

विसं २०७५ असारदेखि पहुँचमार्ग र विंस २०७६ असार ८ गतेदेखि पिप्लेस्थित तेस्रो नम्बरको अडिटबाट सुरुङ निर्माण सुरु गरेको थियो । विस २०८१ साउन १५ गते राहुघाटको मुख्य सुरुङ जोडिएको थियो ।

कोरोना महामारी, बाढी, पहिरोजस्ता प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजना निर्माणमा ढिलाइ भएको सिभिल ठेकेदार जयप्रकाश एसोसिएट्सका व्यवस्थापक एमएस गौरको भनाइ छ ।

भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल) सँग विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा इलेक्ट्रोमेकानिकल ठेक्का सम्झौता भएको थियो । भेल भारत सरकारको स्वामित्वको कम्पनी हो ।

म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठका अनुसार जिल्लामा सबैभन्दा पहिले र सरकारी लगानीमा सञ्चालन भएको राहुघाटलाई जलविद्युत् विकासको 'गेटवे' (प्रवेशबिन्दु) मानिएको थियो । रासस

# बीपी राजमार्गमा सवारी सञ्चालनमा रोक

बनेपा (काभ्रे), ८ असोज । काभ्रेपलाञ्चोकमा सम्भावित भारी वर्षासँगै बाढीपहिरोको जोखिमलाई ध्यानमा राख्दै बीपी राजमार्गको काभ्रेपलाञ्चोक खण्डमा चारदिन रातिको समयमा सवारी आवागमन रोक्ने निर्णय गरिएको छ ।

मनसुन प्रतिकार्य कमाण्ड पोस्ट काभ्रेपलाञ्चोकको असोज ७ गते बसेको बैठकले असोज ८ गतेदेखि १२ गते बिहान ५:०० बजेसम्म बेलुकी ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म बीपी राजमार्गको काभ्रे खण्डमा सवारी आवागमन रोक्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार असोज ८ गते बिहीबारदेखि असोज ११ गते आइतबारसम्म ठूलो वर्षा हुनसक्ने मौसम पूर्वानुमान सार्वजनिक भइरहेका सन्दर्भमा सम्भावित बाढीपहिरोको जोखिम न्यूनीकरणका लागि रातिको समयमा सवारी आवागमन रोक्ने निर्णय गरिएको हो ।

बैठकले वर्षा तथा बाढीको अवस्था मूल्याङ्कन गरी दिनको समयमा सवारीसाधन सञ्चालन रोक्नुपर्ने अवस्था देखिएमा जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले आवश्यक निर्णय लिनसक्ने व्यवस्था गरेको छ । निर्णय कार्यान्वयनमा सहजीकरणका लागि सिन्धुली र भक्तपुरका प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्ने निर्णय गरिएको अधिकारीले बताउनुभयो ।

बैठकले नदी किनार तथा पहिरोको जोखिममा रहेका बासिन्दालाई सम्भावित बाढीपहिरोबारे निरन्तर जानकारी गराउन तथा स्थानीय सञ्चारमाध्यममार्फत पूर्वसूचना सम्प्रेषणलाई प्रभावकारी बनाउने निर्णय गरेको छ । त्यसका लागि नेपाल पत्रकार महासङ्घ काभ्रेपलाञ्चोक शाखालाई आवश्यक सहजीकरण गर्न अनुरोध गर्ने निर्णय भएको छ ।

त्यस्तै, नेपाली सेना श्रीमेहर गण, जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक र सशस्त्र प्रहरी बल नेपाल नं १५ गण हेडक्वार्टरलाई उद्धारमा खटिने टोली विभिन्न स्थानमा तयारी अवस्थामा राख्न बैठकले निर्देशन दिएको छ । स्थानीय विपद् व्यवस्थापन समितिसँग निरन्तर सम्पर्कमा रही आवश्यक समन्वय र उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ ।

प्रशासनले सम्भावित विपद्को जोखिममा रहेका नागरिकलाई पूर्वसूचनाप्रति सजग रहन तथा आवश्यक अवस्थाबाहेक जोखिमयुक्त क्षेत्रमा आवागमन नगर्न आग्रह गरेको छ । *रासस*

**। सम्पादकीय ।**

# सार्वजनिक संस्थान चलाउन असक्षमहरू सरकार चलाउन पनि असक्षम हुने

आर्थिक वर्ष २०८१/०८२ मा हेटौँडा सिमेन्ट उद्योगको रु. ३१ करोड २४ लाख खुद घाटा र कुल घाटा रु. १ अर्ब ७६ करोड ६६ लाख, उदयपुर सिमेन्ट उद्योगको रु. २८ करोड ९५ हजार र कुल घाटा रु. ६ अर्ब ४१ करोड ७५ लाख पुगेको सार्वजनिक भयो । नेपालको निजी क्षेत्रका सिमेन्ट उद्योगमध्ये सर्वोत्तम सिमेन्टको १ अर्ब १० करोड ७४ लाख, शिवम सिमेन्टको ७८ करोड ४४ लाख, सोनापुर मिनरल्स एन्ड आयलको ३३ करोड ७१ लाख, पाल्पा सिमेन्टको ३३ करोड ९९ लाख रुपैयाँ खुद नाफा भएको सार्वजनिक भयो । नेपालमा भएका चार दर्जन निजी सिमेन्ट उद्योगमध्ये अधिकांशले लगानीकर्तालाई आकर्षक लाभांश दिएको तर सरकारी सिमेन्ट उद्योग दुई ओटामा बर्सेनि घाटा भइरहेको छानबिनकै विषय हो ।

उदयपुर सिमेन्ट उद्योगका पूर्वमहाप्रबन्धक सुरेन्द्र पौडेलको भनाइ पनि सार्वजनिक भयो, “सरकारले उदारवाद अवलम्बन गरेपछि उद्योग चलाउने नचलाउने बहसको विषय बन्यो ।” आफू महाप्रबन्धक हुँदा सरकारी सिमेन्ट उद्योग घाटामा जानुका कारणहरूबारे पौडेलले सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्ने र सुधारका काम नभए आफ्नो प्रतिवेदनलाई सार्वजनिक गर्ने काम भएको छ कि छैन ? यो प्रश्न उठ्नु पनि स्वाभाविक हो । सरकारी सिमेन्ट उद्योगमा के कति कहाँ भ्रष्टाचार र अनियमितता भइरहेको छ, यो विषय पनि महाप्रबन्धक भएकाहरूलाई जरुर थाहा हुनुपर्दछ कि जागीर खुस्किएला वा भ्रष्टाचार र अनियमितताबाट आफ्नो भाग आउने गुम्ला भनेर पौडेल पनि मौन बसेका हुन् ? के सरकारी बैङ्कका कर्मचारीहरूले बचत र ऋणको लागि आउने ग्राहकहरूलाई निजी बैङ्कमा खेदेको सत्य होइन ? सरकारी सिमेन्ट, इँटा, कपडा उद्योगमा त्यस्तै भएको किन होइन ?

नेपालको स्रोत-साधन कब्जामा राख्न चाहने मुठीभरका शोषकहरूले “सरकारको काम आफै उद्योग-व्यापार गर्ने होइन निजी क्षेत्रलाई सहजीकरण गर्ने हो, सरकार आफै उद्योगी-व्यापारी भएर निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने होइन” आदि आरोप लगाउनु स्वाभाविक नै हो । के सरकार मुठीभरसँग कमिसन खाने एजेन्ट हो ? के मुठीभरकाले उद्योग-व्यापार सरकारको काम होइन भन्नासाथ सरकारले छाड्न मिल्छ ? निश्चय नै मिल्दैन । कतिपय देशमा सरकारले नै उद्योग-व्यापार गरेर आम्दानी बढाउँदै सम्पन्न भइरहेका छन् ।

आ.व. २०८१/८२ मा निजी क्षेत्रका शिवम् सिमेन्टले ६ प्रतिशत लाभांश, सर्वोत्तम सिमेन्टले ५ प्रतिशत लाभांश र १५ प्रतिशत नगद गरी २० प्रतिशत लाभांश, घोराही सिमेन्टले १० प्रतिशत लाभांश वितरण गरी सरकारलाई अर्बौं रुपैयाँ कर बुझाए । तर, सरकारले निजी क्षेत्रसँग उठाएको कर सरकारी उद्योग घाटामा पठाउन सञ्चालन गरेको आरोप पनि बाहिर आयो । सरकारी उद्योग घाटामा पठाउने सम्बन्धित सरकार र उच्चपदस्थ अधिकारीहरूलाई छानबिनको दायरामा ल्याउनु जरुरी छ ।

निजी क्षेत्रका सिमेन्ट उद्योगभन्दा सरकारी सिमेन्ट उद्योगको चुनढुङ्गा खानी र अन्य स्रोत-साधन सम्पन्न छ । तर, व्यवस्थापकीय अक्षमता र भ्रष्टाचारको कारण सरकारी उद्योगहरू घाटामा गएका हुन् । सरकारअन्तर्गत सञ्चालित नेपाल वायु सेवा निगम पनि ५० अर्ब ऋणमा डुबेको छ । ठीक यही बेला नेपालको विमानस्थलमा देश र विदेशका निजी विमानहरू नाफामा चलिरहेका छन् । विगतका सरकारहरूले सार्वजनिक संस्थानलाई चलाउन सकेनन् भने वर्तमान रास्वपा सरकार पनि उस्तै असक्षम देखिएको छ ।

**पाठक पत्र**

# क्यान्सर उपचार बन्द गर्न नहुने

देशकै जेठो अस्पताल वीर अस्पतालमा रहेको क्यान्सर उपचार बन्द हुने समाचार असोज ८ को नेपाल समाचारपत्रमा प्रकाशित भयो ।

टोमोथेरापी क्यान्सर उपचारको लागि अत्याधुनिक रेडियोथेरापी प्रविधि भएकोले यसले धेरै क्यान्सर रोगीको सेवा गरिरहेको छ । मेसिन आपूर्तिकर्ता कम्पनीलाई दिनुपर्ने २० करोड रूपैयाँ भुक्तानी नगर्दा अत्याधुनिक सेवा नै बन्द भए योजस्तो नालायकी अरु के होला ?

बिचौलियाहरूले वीर अस्पतालको सेवा जानाजान बन्द गराउने र बिरामीलाई निजी स्वास्थ्य संस्थामा पुऱ्याउने पुरानो रोग हो । त्यहाँको सामान बिगार्ने र वर्षौंसम्म बिरामीको उपचार बन्द हुने सरकारी अस्पतालको रोगजस्तै बनिसकेको छ । सामान र उपकरण बिगारेर बिरामीलाई उपचार नगर्नेजस्तो जघन्य अपराध गर्ने कोको हुन्, छानबिन हुनुपर्छ कि पर्दैन ? यदि अपराधी हो भने उचित सजाय दिने काममा सरकारको खुट्टा किन काम्छ ?

विगतमा शासक दलले भागबन्डामा उच्च कर्मचारी नियुक्ति गर्दा देखिएका यी र यस्ता विकृति अहिलेसम्म अन्त्य भएको छैन । नेपालका क्यान्सर अस्पतालहरूले राम्रो सेवा गरेका भए भारतका अस्पतालहरूमा बिरामीको चाप घट्नेमा केही बिचौलियालाई पिर परेको हुनसक्छ । त्यही भएर विगतका सरकारहरूले क्यानाडालगायतका देशमा उत्पादन भएको क्यान्सर रोगको राम्रो र गुणस्तरीय औषधि आयातको लागि स्वीकृति दिएन । कमिसन नमिलेको कारण गुणस्तरीय औषधिलाई समेत स्वीकृति नदिने अपराधमा कोको संलग्न भए ?

अमेरिकाको दशकौँ लामो नाकाबन्दीले पनि क्युवाको स्वास्थ्य उपचार राम्रो र प्रभावकारी भयो । अमेरिकाका हजारौँ बिरामी उपचारको लागि क्युवा पुगेको हुँदा तत्कालीन अमेरिकी सरकारले क्युवामा हवाईजहाज सेवा बन्द गऱ्यो । आफ्ना नागरिकलाई उपचारसमेतमा प्रतिबन्ध गर्ने अमेरिकी साम्राज्यवादको सिको वर्तमान रास्वपाको सरकारले पनि गर्न खोजेको हो र ?

*- सिम्रिक पौडेल, भक्तपुर*

# ‘वर्गसङ्घर्ष’ शब्दलाई बुझ्ने कसरी ?

कम्युनिस्ट घोषणापत्रको ‘मानव समाजको आजसम्मको लिखित इतिहास वर्गसङ्घर्षको इतिहास हो’ भन्ने वाक्यांशले सामाजिक इतिहासको सार प्रस्तुत गरेको छ । तर, यस ‘वर्गसङ्घर्ष’ शब्दलाई बुझ्ने कसरी ? वर्गसङ्घर्षलाई सडकको भिडन्त वा आमनेसामनेको खुला भिडन्त वा छापामार युद्धको रूपमा मात्र बुझ्नु गलत हो । यी वर्गसङ्घर्षका केही दृश्य रूप मात्र हुन् । वर्गसङ्घर्ष दुई शत्रुतापूर्ण अन्तरविरोधी वर्गहरूको बिचको निरन्तर अन्तरसङ्घर्षको वस्तुगत अवस्था हो । यो समय र अवस्था सापेक्ष प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रूपमा, उपरिदृश्य रूपमा वा भित्र-भित्रैको द्वन्द्व, असहयोग आदि विविध रूपमा चलिरहेको नै हुन्छ । निर्वाचनको मैदानमा गरिने प्रतिस्पर्धादेखि धर्ना, विरोध, भोक हडताल, विद्रोह, सडक सङ्घर्ष तथा उत्पादक वर्गमा देखापर्ने कामप्रतिको विमोह आदि सम्पूर्ण विरोध वर्गसङ्घर्षका रूप हुन् ।

वर्गसङ्घर्ष वर्ग विभाजित समाजमा उत्पादक शक्ति र उत्पादन सम्बन्धहरूबिचको अन्तर्द्वन्द्व र तिनका पारस्परिक निषेधात्मक चरित्रको वस्तुगत अपरिहार्य अवस्था हो । उत्पादक शक्तिहरू, विशेष रूपमा श्रमिक वर्ग, जसले सामाजिक उत्पादन गर्छन्, विभेदकारी उत्पादन सम्बन्धनको प्रतिपक्षमा रहन्छन् । तिनलाई परिवर्तन गर्न निरन्तर सङ्घर्ष गर्छ । कहिले सामान्य मागको रूपमा, कहिले असन्तोष त कहिले प्रत्यक्ष-अप्रत्यक्ष सानातिना विद्रोह, हडताल र कहिले खुला विद्रोहको रूपमा । तर, सत्ताधारी वर्ग, जसको खटनपटनमा राज्यसत्ता चल्छ । सधैँ आधारभूत उत्पादनका साधन स्रोतहरूमाथि आफ्नो निर्विघ्न स्वामित्व कायम राख्न नियम, कानुन, विधि विधान, न्यायिक संरचना, धार्मिक र वैचारिक हतियारसहित यसको प्रतिरोधमा उभिन्छ । यसै बिन्दुबाट खुला वर्गसङ्घर्षले जन्म लिन्छ । श्रमिकवर्ग र शासकवर्ग परस्पर दुइटा शत्रुतापूर्ण विरोधी खेमामा उभिन्छ । यो वर्गसङ्घर्ष कहिले तुमुल विद्रोह त कहिले वर्गसङ्घर्षका अन्य विविध रूपमा चलिरहन्छ । मानव इतिहासले यस्तो वर्गसङ्घर्षका अनेकौं रूप देखेको छ । दास युगीन कालखण्डमा, ती देशहरूमा जहाँ दास व्यवस्था चरम अमानवीय रूपमा थियो र दासहरूलाई ‘बोल्ने जनावर’ को रूपमा हेरिन्थ्यो । त्यहाँ वर्गसङ्घर्ष हजारौँ हजार दासहरूको खुला विद्रोहको रूपमा अगाडि आयो भने सामन्ती युगमा सामन्ती शोषणविरुद्ध किसानहरूका सघन युद्धहरूको रूपमा ।

दास विद्रोहको चरम रूप भूमध्य सागर तटीय देशहरू, जहाँको शासन व्यवस्थालाई दास व्यवस्थाको मौलिक रूप मानिन्छ । यी देशहरूमा दास व्यवस्थाको दौरान भएको भौतिक संरचनाहरूको तीव्र विकास, प्राचीन समृद्धि र सभ्यताको निर्माण, कृषि तथा खानीहरूको विकास र वैभवको निर्माणका मुख्य उत्पादक शक्ति दासहरू नै थिए । जसलाई आफ्नो शरीरमा समेत अधिकार थिएन । सामाजिक उत्पादनमा अंशको त कुरै भएन । दासहरूले त्यस दासत्वविरुद्ध पटक-पटकका विद्रोह र तुमुल युद्धहरू गरे । सिसली, मिश्र आदि विभिन्न देशहरूमा दास व्यवस्था पल्टाएर सत्ता कब्जा गरेका ऐतिहासिक घटनाहरू छन् । तर, ती सब प्रतिक्रियावादी शोषकवर्गको संयुक्त शक्तिबाट निर्ममतापूर्वक दबाइए र दासहरू आम नरसंहारमा परे । दासहरूको तुमुल वर्गसङ्घर्षले सबै ठाउँमा राज्यसत्ता प्राप्त गर्न वा प्राप्त सत्तालाई जोगाउन नसके पनि समाजबाट दास व्यवस्था समाप्त गरी आम जनताले आफ्नो शरीरमाथि आफ्नो स्वामित्व रहने र पारिवारिक जीवन बाँच्न पाउने अधिकारसहितको नयाँ सामन्ती सामाजिक-आर्थिक संरचना र उत्पादन प्रणाली स्थापित गर्न सफलता प्राप्त गऱ्यो । त्यसपछिका कृषक विद्रोहहरूले पनि कम वेश यही अवस्था भोग्नुपऱ्यो ।

दास व्यवस्थामा वर्गसङ्घर्षको मुख्य चरित्र दासताबाट मुक्तिका लागि दास तथा दासमालिकबिच सीधा टक्करको अवस्था थियो । सामन्ती युगमा वर्गसङ्घर्षको रूप फेरियो र यो बहुपक्षीय र बहुआयामिक हुन पुग्यो । एकतर्फ उत्पादनका प्रमुख साधन, विशेष गरेर जल, जमिन, जङ्गल र खानिहरूमाथि सामन्ती अभिजात वर्ग तथा भूमिपतिहरूको स्वामित्वको समाप्ति र सामान्य राजनैतिक तथा सामाजिक अधिकारका लागि निरङ्कुश सामन्ती सत्ताविरुद्ध राजनैतिक सङ्घर्ष यसको मुख्य चरित्र थियो भने अर्कोतर्फ सामाजिक उत्पादन प्रणालीमा गरिएको क्रमिक परिवर्तनले उत्पादनको विकास भएपछि अतिरिक्त उत्पादनको सङ्ग्रह तथा विनिमय प्रणालीको विस्तार, बजारको विस्तार, ज्यालादारी श्रमका परिपाटीको विकास तथा विस्तार, साना तथा घरेलु उद्योगहरूको विकास र स्वतन्त्र कृषकवर्गको उदय, आदिले जन्माएको बहुआयामिक वर्गीय अवस्थामा सामन्ती उत्पादन प्रणालीसँग यी नवोदित सामाजिक वर्ग र तप्काहरूको बहुध्रुवीय वर्गसङ्घर्षको अवस्था थियो । यस अवस्थामा पुँजीवादको निर्बाध विकासका लागि स्वतन्त्र ज्यालादारी श्रमको बढ्दो आवश्यकताको परिपूर्तिका लागि उदीयमान पुँजीपतिवर्गको सामन्ती उत्पादन प्रणालीविरुद्ध वर्गसङ्घर्ष अर्को पक्ष थियो । यस अवस्थामा गरिब शोषित पीडित किसान नवोदित पुँजीपतिवर्ग आ-आफ्नो लक्ष प्राप्तिका लागि वर्गसङ्घर्षको एउटै मोर्चामा उभिन पुगे । पुँजीवादी क्रान्ति सम्पन्न गरी पुँजीवादी विकासको बाटो निर्माण गऱ्यो । जसले वर्गसङ्घर्षको नयाँ रूप र चरित्र प्रस्तुत गऱ्यो । यस सङ्घर्षमा किसान आफूलाई सामन्ती शोषकबाट मुक्त गरी स्वतन्त्र हुन चाहन्थ्यो भने पुँजीपतिवर्ग किसानलाई मुक्त गरी आफ्नो औद्योगिक विकासका लागि उसलाई श्रम बजारमा ल्याउन चाहन्थ्यो । यस वर्गसङ्घर्षमा एउटै मोर्चामा दुई परस्परविरोधी वर्ग स्वार्थ एकत्वको अवस्थामा थिए । वर्गसङ्घर्षको इतिहासमा किसानवर्गले सामन्ती भूस्वामित्व, भूदासत्व, बँधुवा श्रम, बेठबेगर आदिविरुद्ध गरेका अनेकौं इतिहास प्रसिद्ध कृषक युद्ध, विद्रोह, असहयोग आन्दोलन आदि वर्गसङ्घर्षका विविध रूप इतिहासमा अङ्कित छन् ।

सामन्ती उत्पादन प्रणालीमा बहुपक्षीय र बहुआयामिक वर्गसङ्घर्षको अवस्था थियो भने पुँजीवादी उत्पादन प्रणालीले समाजको वर्गीय विभाजन र वर्गसङ्घर्षलाई बढी सरलीकृत गरेको छ । सामन्ती उत्पादन प्रणालीका विभिन्न चरणहरूमा एकसाथ अस्तित्वमा रहने स्वतन्त्र कृषक, भूदास, कास्तकार, लघु तथा घरेलु उत्पादक, स्वतन्त्र बणिक, सामन्त, सामन्ती अभिजातवर्ग, उदीयमान पुँजीपतिवर्ग आदिका बिचमा बहुआयामिक अन्तर्द्वन्द्वको अवस्था थियो भने पुँजीवादले समाजलाई प्रमुख दुई वर्ग- सर्वहारा र पुँजीपतिवर्गमा विभाजित गरेको छ । जहाँ प्रमुख अन्तर विरोध पुँजी र ज्यालादारी श्रमबिच छ । अत: प्रमुख र निर्णायक वर्गसङ्घर्ष यिनै दुई वर्गबिच छ । यसको अर्थ आजको पुँजीवादी संरचनामा यी दुई प्रमुख वर्गबाहेक अन्य वर्गीय आजको यान्त्रिक र वैज्ञानिक तथा सूचना प्रविधिको विकासले जन्माएका नयाँ उपवर्ग अथवा सामन्ती व्यवस्थाको अवशेषका रूपमा रहेका पुराना वर्गहरू विद्यमान छैनन् र तिनीहरूबिच अन्तर्द्वन्द्व छैन भन्ने कदापि होइन । ती छन् र त्यहाँ अन्तर्द्वन्द्व पनि छ । तर, ती अन्तर्द्वन्द्व वर्गसङ्घर्षको दिशा निर्धारण गर्ने मूल चरित्र होइनन् । जसरी विभेदपूर्ण उत्पादन सम्बन्धहरूले शोषणका विविध रूपहरू जन्माउँछ । त्यसैगरी, विभिन्न आर्थिक वर्ग, तप्का र उपवर्गहरूलाई पनि जन्माउँछ । तर, ती वर्ग र तप्काहरू तात्कालिक वर्गसङ्घर्षका निर्णायक शक्ति वा दिशा निर्धारक शक्तिको रूपमा नभई यता विगतका वर्गहरूको अवशेषहरूविरुद्ध सङ्घर्षको रूपमा रहन्छन् या उत्पादन प्रणालीका विकासको नयाँ चरणले जन्माएका नयाँ तप्काहरूको सङ्घर्षका रूपमा रहन्छन् ।

वर्गसङ्घर्षका ऐतिहासिक विकासको द्वन्द्वात्मक प्रवृत्ति हेर्ने हो भने यसका ऐतिहासिक रूप फेरिएका छन् । यसका साथै शोषित श्रमजीवीवर्गको अवस्थामा पनि क्रमिक परिवर्तन हुँदै आएको छ । आज यो वर्ग विगतमा भन्दा राजनैतिक रूपले बढी वर्गसचेत, वैचारिक रूपले बढी परिपक्व, बढी सङ्गठित र सङ्घर्षबाट खारिएको अवस्थामा छ । सङ्गठनात्मक परिपक्वतामा वृद्धि भएको छ र पुँजीवादविरुद्ध सम्झौताविहीन सङ्घर्षरत अगुवावर्गको रूपमा स्थापित छ । वैचारिकरूपले परिपक्व र समाजवादी ध्येयप्रति समर्पित वर्तमान श्रमजीवीवर्गको पुँजीवादविरोधी वर्गसङ्घर्ष विगतमा जस्तो एउटा शोषकवर्गको हातबाट सत्ता अर्को शोषकवर्गको हातमा सुम्पिनु नभई पुँजीपतिवर्गलाई विस्थापित गरी समाजबाट वर्गीय विभाजन र वर्गीय शोषणको आधार र अवस्थालाई नै सधैँका लागि समाप्त गरेर मानवद्वारा मानवको शोषण गरिने आधारलाई नै समाप्त गर्नु हो । श्रमिकवर्गले यो सङ्घर्ष कम्युनिस्ट पार्टीहरूको नेतृत्वमा लड्ने भएकोले ती पार्टीहरूले यस सङ्घर्षको नेतृत्व गर्न सर्वपक्षीय क्षमताको विकास तथा त्यो लक्ष्य प्राप्त गर्न वस्तुगत रणनीतिको तर्जुमा गर्नु आवश्यक हुन्छ । यसमा कम्युनिस्टहरूले सधैँ याद राख्नुपर्ने कुरा के हो भने उनको लक्ष्य श्रमजीवीवर्गको सत्ता स्थापना गर्न श्रमिक आन्दोलनको नेतृत्व गर्नु हो, पार्टीलाई शासक बनाउन होइन । सत्ता कम्युनिस्ट पार्टीको नीति निर्देशन र नेतृत्वमा श्रमजीवीवर्गको नै हुनुपर्दछ ।




वर्गसङ्घर्षका लक्ष्यको इतिहास हेर्ने हो भने विगतदेखि आजसम्म यस सङ्घर्षको लक्ष्य शोषित दमितवर्गलाई वर्गीय शोषणबाट मुक्त गर्नु नै रहेको छ । यो सङ्घर्ष एकपछि अर्को गर्दै बढी विकसित, सङ्गठित र वैचारिक रूपमा परिपक्व हुँदै आएको छ । दास व्यवस्थामा यो सङ्घर्ष सङ्ख्यात्मक, सङ्गठनात्मक, राजनैतिक र वैचारिक रूपमा आफ्नो शैशवकालमा थियो । तर, त्यस अवस्थामा पनि सङ्घर्षको लक्ष्य शोषणबाट दासहरूको मुक्ति नै थियो । सामन्ती व्यवस्थामा यसको लक्ष्य शोषित-पीडित किसानलाई सामन्ती शोषणबाट मुक्त गर्नु थियो । आज मजदुरवर्गको नेतृत्वमा चलिरहेको यो वर्गसङ्घर्ष पुँजीवादी आर्थिक दासताबाट श्रमिकवर्गको मात्र नभएर सम्पूर्ण शोषित, पीडित, सीमान्तकृत तथा सामाजिक बहिष्करणमा रहेका सम्पूर्ण जनतालाई वर्गीय शोषण, सामाजिक थिचोमिचो, जातिभेद, रङ्गभेद आदिबाट मुक्त गर्न र साम्राज्यवादी कालो छायाबाट मानव जातिको भविष्य सुरक्षित गर्ने व्यापक लक्ष्य लिएर अगाडि बढ्दै छ । विगतमा यस सङ्घर्षका विविध रूप अगाडि आएका छन् । जय-पराजय बेहोरेको छ । पुँजीपतिवर्गको चरम दमन र नरसंहार बेहोरेको छ । विगतमा भोगेका यी सब जय-पराजयका साथै ‘समाज परिवर्तन’ का लागि विगतमा समाजवादी सत्ता सञ्चालनको दौरान भए गरेका कमीकमजोरी र प्राप्त सफलता असफलताका अनुभवसहित यो आन्दोलन अगाडि बढ्दै छ । यो लक्ष्य प्राप्त गर्नु सम्भव छ भन्ने कुरा पेरिस कम्युनदेखि अक्टोबर क्रान्तिसम्म र चीनको क्रान्तिदेखि त्यसपछिका घटनाक्रम र सर्वहारा वर्गीय राज्य स्थापनाहरूले नै पुष्टि गरिसकेको छ । यद्यपि, यसमा सफलता, असफलता, विकृति, व्यक्तिवाद आदि गैरकम्युनिस्ट प्रवृत्ति, व्यवहार र गैरमार्क्सवादी-लेनिनवादी चिन्तन तथा गलत प्रवृत्ति पनि देखिएका छन् ।

बाँकी पृष्ठ ५ मा

# चिनियाँ क्रान्तिकारी साहित्यकार लु सुन

अभागी



सन् १८८१ को सेप्टेम्बर २५ तारिखमा चीनको चेकियाङ प्रान्तको शाउनोशिङ सहरको एक खानदानी परिवारमा लु सुन (Lu Xun/Lu Shun) को जन्म भएको थियो। बालककालमा लु सुनको नाउँ चाउ सूचेन थियो।

चाउ सूचेनको बाजे मञ्चु दरबारका एक अफिसर थिए। चाउ सूचेन १३ वर्षको छँदा उनका बाजे जेलमा परेका थिए। उनका बुबा पनि दीर्घरोगले थला परे। खानदानी इज्जतअनुसारको उपचार गर्दागर्दै ४ वर्षपछि बुबाको मृत्यु भयो। त्यसपछि बालक चाउ सूचेनले गरिबी थाहा पाउन थाले।

चाउ सूचेनकी आमा उनलाई साह्रै माया गर्थिन्। छोरालाई राम्रोसँग पढाएर ठुलो मान्छे बनाउन चाहन्थिन्। त्यसैले तिनले जस्तोसुकै दुःखकष्ट सहेर पनि छोराको पढाइ बिग्रन दिइनन्। त्यस्तै चाउ सूचेनले पनि पढाइमा आफ्नो प्रतिभा चम्काए।

बाबुको मृत्यु अनभिज्ञ, मूर्ख वैद्यहरूबाट भएको भन्ने उनी सम्झन्थे। त्यसैले उनले रोगीहरूको उपचार गर्न निपुण वैद्य, डाक्टरको आवश्यकता महसुस गरे। उनी एक खप्पिस डाक्टर बनी रोगीहरूको उपचार गर्न चाहन्थे। बुबाको मृत्युपछि उनको परिवार पनि गरिब भयो। त्यसपछि उनले गरिब परिवारको दुःखकष्ट बुझ्न थाले र समाजमा भइरहेको अन्याय, अत्याचार र अन्धकारलाई देख्न थाले।

उनी मेहनत गरी पढ्थे। त्यसैले उनले स्नातकोपाधि पनि राम्रैसँग उत्तीर्ण गरे। स्नातकोपाधि उत्तीर्ण गरिसकेपछि उनले जापानमा गएर डाक्टरी पढ्ने विचार गरे। डाक्टर बनेर आफ्नो बुबाजस्तै राम्रो औषधि गर्न नपाएर जीवन गुमाउनुपर्ने रोगीहरूको सेवा गर्ने उनको विचार थियो। उनी जापान सरकारबाट प्राप्त छात्रवृत्ति पाउनका लागि जाँचमा सम्मिलित भए। उनी आफ्नो प्रतिभाले जाँचमा सफल भए।

सन् १९०२ मा चाउ सूचेन टोकियो पुगे। कोबुन कलेजमा भर्ना पनि भए। त्यस कलेजमा उनले राम्रोसँग पढे। डाक्टर बन्ने उद्देश्य लिएका चाउ सूचेनले १९०४ मा डाक्टरी पढ्ने मौका पाएका थिए। उनी सन् १९०४ मा कोबुन कलेजबाट सेनडाई मेडिकल कलेजमा भर्ना भएका थिए।

त्यसबेला चीनमा मञ्चु सरकार थियो। मञ्चु सरकारले गरिब जनतालाई साह्रै दुःख दिएको थियो। चीन त्यसबेला सामन्ती र अर्धउपनिवेश देश थियो। देशमा शोषण, अन्याय, अत्याचार र दमनको राज थियो। जनता चेतित थिएनन्। देश पनि निर्बलियो थियो। त्यसैले देशलाई बलियो बनाउन र जनतालाई चेतना दिन चेतित जनता त्यस अन्धकारमय मञ्चु सरकारको विरोध गर्दथे। हडताल, जुलुस र सुधार कार्यक्रम लिएर चिनियाँ जनता आफ्नो उकुसमुकुसलाई व्यक्त गर्दथे।

विदेशमा गई पढिरहेका युवा विद्यार्थीहरू पनि देशलाई बचाउन मञ्चु सरकारको विरोधमा लागेका थिए। त्यस्तै जापानमा पढिरहेका विद्यार्थीहरू जो मञ्चु सरकारको विरोधमा लागिरहेका थिए, उनीहरूसँग चाउ सूचेन पनि मिल्न गए।

चाउ सूचेन साह्रै मिहिनेत गरी पढ्थे। उनले थुप्रै साहित्यकारहरूका कृतिहरू पढे। बाइरन, शेली, पुस्किन, हेपनी, पेटाफो किमिविज, लेरमेन्टाफ आदि साहित्यकारहरूबाट उनी खुबै प्रभावित भए। त्यसबेला मञ्चु सरकारको विरोधमा चीनमा भइरहेको काम-कारबाही उनलाई नुन नपुगेको तरकारीजस्तै लागेको थियो। त्यसै बखत उनले रुस र जापान युद्धको एउटा सिनेमा हेरे। त्यस सिनेमामा एउटा चिनियाँ युवकलाई जासुसको आरोप लगाएर पाता फर्काई बाँधिराखेको दृश्य थियो। अरू चिनियाँहरू तमासे भई हेरिरहेका थिए। त्यो दृश्य हेरिसकेपछि उनी डाक्टर बनी रोगीलाई निको पार्नुभन्दा मानिसको मनोवृत्तिलाई औषधि गर्नुपर्ने उनले महसुस गरे, रोगीलाई उपचार गर्नुभन्दा मानिसको चेतनालाई उठाउनुपर्ने आवश्यकता देखे। त्यसैले उनी साहित्यिक क्षेत्रमा उत्रिए। मानिसको मनोवृत्तिलाई औषधि गर्ने र संस्कारलाई उच्च पार्ने सशक्त माध्यम नै साहित्य हो।

जनता शिक्षित र चेतित नभइकन देशमा परिवर्तन वा क्रान्ति हुँदैन। जनतालाई शिक्षा दिएर चेतित पार्नु ज्यादै आवश्यक छ। त्यसैले शिक्षा फैलाउन र जनतालाई चेतनशील बनाउन उनी साहित्यको फाँटमा उत्रिएका थिए। उनले प्रसिद्ध साहित्यकारहरूको रचना अनुवाद गर्न थाले। आफ्नै मौलिक रचनाहरू पनि लेख्न थाले। जापानमै बसेर उनले 'नयाँ जुनी' नामको पत्रिका निकाल्न खोजे। तर, पैसाको अभावले उनले त्यसलाई निकाल्न सकेनन्।

सन् १९०९ मा चाउ सूचेन जापानबाट चीन फर्किए। त्यसबेला सन् १९११ को क्रान्तिको लागि भित्रभित्रै तयारीहरू भइरहेका थिए। सन् १९११ मा डा. सनयात सेनको नेतृत्वमा चीनमा क्रान्ति भयो। त्यसबेला चाउ सूचेन माध्यमिक विद्यालयमा पढाउँथे। उनी क्रान्तिमा भाग लिन विद्यार्थीहरूलाई ठुलो प्रेरणा दिन्थे।

सन् १९११ को क्रान्तिले मञ्चु सरकार ढल्यो। त्यस क्रान्तिको नेतृत्व पुँजीवादी विचारधाराका मानिसहरूले गरेका थिए। त्यसैले चिनियाँ जनताले आशा गरेको फल देख्न पाएनन्। त्यस क्रान्तिमा मजदुर किसानको प्रतिनिधित्व थिएन। त्यसैले सरकार फेरिए पनि जनताको दुःख कष्ट फेरिएन।

सन् १९१७ को रुसी अक्टोबर क्रान्तिले चिनियाँ जनताको आँखा खुल्यो। जनबलको महत्त्व बुझे। चाउ सूचेन जनतासँग मैदानमा उत्रिए। 'लु सुन' भन्ने गुप्त नाउँले लेखहरू छपाए। सन् १९१८ मा लु सुन नाउँबाट 'एक बहुलाको डायरी' कथा 'न्यू यूथ' पत्रिकामा छपाए। त्यस पत्रिकाको सम्पादक मण्डलमा लि ता-चाउ (१९२७ मा मारिएका) पनि थिए। 'न्यु युथ' पत्रिकाले सांस्कृतिक क्रान्ति र जनवादको लागि मङ्गलाचरण गाउन सुरु गरेको थियो।

सन् १९११ को क्रान्तिबाट शिक्षा लिएर लु सुनले कलम चलाए। लु सुनका लेखहरूले जनचेतना जगाउन ठुलो भूमिका खेल्यो। त्यसैले उनी चीनमा आधुनिक साहित्यका पिता मानिन्छन्।

लु सुन क्रान्तिकारी लेखक थिए। तर, उनी कलममात्र समाउने क्रान्तिकारी थिएनन्। उनी आन्दोलनहरूमा पनि भाग लिन्थे। सन् १९२६ को मार्च महिनामा तुवान ची जुइमा भएको विद्यार्थी हत्याकाण्डको विरोध प्रदर्शनमा लु सुनले सक्रिय भएर भाग लिएका थिए। उनी लि ता-चाउझैँ जनतालाई चेतना दिने पथप्रदर्शक थिए। उनले १९२१ मा 'आह क्युको साँचो कथा' छपाएर मकुन्डोधारी क्रान्तिकारीहरूसित होसियार रहन आह्वान गरे। सन् १९२७ को सुरुमा लु सुन क्वाङ चाओ (क्यान्टन) गए। १९२७ मा स्वेच्छाचारी च्याङ काई शेकले जनताप्रति विश्वासघात गरेर कम्युनिस्ट र क्रान्तिकारी जनताको निर्मम हत्या गरेका थिए, कैयौँ क्रान्तिकारीहरूलाई जेलमा थुने। त्यो देखी लु सुन साह्रै रिसाए। उनले गिरफ्तार गरिएका कम्युनिस्ट र क्रान्तिकारीहरूलाई भगाउने प्रयास गरे। त्यसपछि उनी क्यान्टनबाट शाङघाई गए।

सन् १९२८ मा उनले शाङघाइबाट 'पेन-लिउ' (भेउ) नामको पत्रिका निकाले। शाङघाइमा उनी रिभोलुसनरी म्युचुयल एन्ड सोसाइटीको सदस्य बने। सन् १९३० मा स्वतन्त्र चीन लीग स्थापना गरे र त्यसमा उनले पछिसम्म पनि काम गर्दै रहे। उनले मार्क्सवाद-लेनिनवादको गहिरो अध्ययन गरे र उनी एक महान् कम्युनिस्ट बने। तर, प्रतिक्रियावादी साहित्यकारहरू उनलाई कम्युनिस्ट मान्न इन्कार गर्थे। प्रतिक्रियावादी साहित्यकारहरूले उनीमाथि हमला गरे। तर, उनले ती सबै प्रतिक्रियावादीहरूसित दृढ भई सङ्घर्ष चलाए। त्यसैले उनी भन्थे, "रिसले खुम्चिएको निधार लिएर मतिर तेर्स्याइएका हजारौँ औँलाहरूको घृणापूर्वक सामना गर्दछु तर गोरुझैँ नम्र हुँदै आफ्नो टाउको निहुर्‍याएर केटाकेटी (जनता) को सेवा गर्छु।" त्यसैबेला लु सुनले पानीमा डुबेको बहुला कुकुरलाई खुब पिट्ने सिद्धान्त पेस गरेका थिए।

सन् १९२७ मा कोमिनताङ सरकारले घेरा हाल्ने र निर्मूल पार्ने अभियान लिएर जनतामाथि क्रुर दमन गरेर सेतो आतङ्क मच्चाएको थियो। लु सुनले त्यस प्रतिक्रियावादी नीतिको चिरफार र विरोध गरी १३० भन्दा बढी उपनामहरू राखी लेखहरू छपाए। २०० भन्दा बढी निबन्ध छपाएर त्यस जनविरोधी तथा राष्ट्रविरोधी नीतिको विरोध गरेका थिए। त्यसैले अध्यक्ष माओले उनलाई 'चीनको सांस्कृतिक क्रान्तिका प्रमुख कमान्डर हुनुहुन्थ्यो, उनी महान् विद्वानमात्र थिएनन्, एक महान् विचारक र क्रान्तिकारी पनि थिए' भन्नुभएको थियो।

लु सुनले थुप्रै कथा, निबन्ध, कहानी र कविता लेखे। उनले कथासङ्ग्रहको तीन ठेली, निबन्ध, गद्य कविताको सोह्र ठेली, 'किनार-बाल लेख' भनी एकसट्ठी वटा लेखको ठेली र चिए-तिङ निबन्ध तीन ठेली मौलिक पुस्तकहरू लेखे। त्यस्तै थुप्रै अरू अनुदित पुस्तकहरू छन्। १९३१ मा उनले प्रतिक्रियावादी शासकहरूको विरुद्ध 'अन्धकारमय चीनमा कलाको वर्तमान अवस्था' शीर्षकको लेख लेखे। त्यसलाई चीनको कुनै पनि पत्रपत्रिकाले छाप्ने साहस गरेन। त्यसैले उनले त्यसलाई अङ्ग्रेजीमा अनुवाद गरी विदेशी पत्रिकामा छाप्न पठाए।

सन् १९३०-३९ का वर्षहरूमा कोमिनताङ प्रतिक्रियावादीहरूले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा रहेका ग्रामीण आधार क्षेत्रहरूलाई सशस्त्र घेराबन्दी र दमन गर्ने नीति अघि सारी जापानी साम्राज्यवादले सारा चीन कब्जा गर्ने युद्धको तयारी गर्दै थियो। देशबाट जापानी साम्राज्यवाद धपाउन र कोमिनताङ प्रतिक्रियावादीहरूबाट मुक्त गर्न १९३४ मा कम्युनिस्ट पार्टीको नेतृत्वमा विश्वविख्यात 'लामो हिँडाइ' सुरु भयो। १९३५ मा लु सुन शाङघाईमा थिए। त्यसबेला लामो हिँडाइमा गएका लालसेना उत्तरी शेन्शी पुगेको खबर लु सुनले पाए। त्यसबेला उनले अध्यक्ष माओ त्सेतुङलाई एक बधाई सन्देश पठाए। त्यसमा उनले लेखे, "चीनको र मानव-जातिको आशा तपाईंमा केन्द्रित छ।"

जीवनको अन्तिम घडीमा लु सुन शाङघाईमा थिए। बिरामी अवस्थामा पनि उनले लेख्ने काम रोकेनन्। उनलाई साथीहरू आराम लिन सल्लाह दिन्थे। ती साथीहरूलाई उनी जवाफ दिन्थे, "म निष्क्रिय भएर धेरै वर्ष बाँच्नुभन्दा सक्रिय भएर थोरै वर्ष बाँच्न चाहन्छु।" त्यसबेला उनी 'श्वी माओ युङलाई जवाफ र जापानी आक्रमणविरोधी संयुक्त मोर्चाको प्रश्न' शीर्षकको लेख लेख्दै थिए। त्यो नै उनको अन्तिम लेख थियो।

यसरी ठुलो परिश्रम गर्दागर्दै सन् १९३६ अक्टोबर १९ मा उनी चिरनिद्रामा सुते। त्यसबेला उनी मात्र ५६ वर्षका थिए।

**मेरो गुरु लु सुन**

*(लु सुनकी पत्नी शु क्वाङफिङद्वारा उनको स्मृतिमा रचेको एक कविता)*

*मन हाम्रो विरहले व्याकुल छ,*
*तिम्रो मृत्युमाथि हामी के भनौँ !*
*तिमीले मलाई एकपल्ट भन्यौ-*
*'हुँ म एक गाई समान,*
*खान्छु घाँस, दिन्छु दूध र रगत।'*
*जानेनौ तिमीले कहिल्यै आराम र मनोरञ्जन*
*काममाथि हुन्थ्यो सधैँ ध्यान तिम्रो*
*मृत्युको अघिल्लो दिनसम्म लेख्यौ।*
*अब हामी सबै मिली आशा गरेर*
*डटिरहौँला तिम्रै पदचिह्नमाथि।*
*('ग्व फयू' वर्ष १, अङ्क २, २०३७)*

**स्रोत : पञ्चायत वर्ष ३, अङ्क १२, २०४२**

*'वर्गसङ्घर्ष'....*

तर, भावी सङ्घर्षको सही दिशा निर्धारण गर्न तथा समाजवादी व्यवस्था निर्माणका लागि यी अमूल्य अनुभव हुन् र यसले नै अगाडिको बाटो निर्देशित गर्नेछ।

वर्गीय समाजमा वर्गसङ्घर्ष वस्तुगत यथार्थ हो। कसैले नकार गर्दैमा यसको नकार हुँदैन। वर्गसङ्घर्षको त्यो अवस्था, जहाँ दुइटा परस्पर विरोधीवर्ग सँगसँगै बस्न सक्ने अवस्था रहँदैन र एकले अर्कालाई समाप्त गर्न उद्यत हुन्छन्। त्यो वर्गसङ्घर्षको उच्चतम शत्रुतापूर्ण वर्गसङ्घर्षको चरण हो। यस चरणमा पुगेपछि सामाजिक उत्पादन त्यही रूपमा अगाडि बढ्न सक्दैन र उत्पादन प्रणाली त्यही रूपमा चल्न सक्दैन। त्यसमा परिवर्तन अपरिहार्य भएर जान्छ। यो परिवर्तन नै त्यस चरणका वर्गसङ्घर्षको अन्तिम चरण अर्थात् सामाजिक क्रान्तिको चरण हो, जसले समाजलाई नयाँ उचाइ दिन्छ। सर्वहारावर्गका वर्गसङ्घर्षको विजयसँगै सर्वहारावर्गसहित सङ्घर्षरत आम शोषितपीडित वर्ग तथा तप्काहरूको सत्ता कायम हुन्छ। यो मार्क्सवादी क्रान्ति विज्ञानको तार्किक निचोड हो। तर, शोषितपीडित श्रमजीवीवर्गको सङ्घर्ष अन्ततः विजयमा नै टुङ्गिने भए पनि यस मार्गमा यसले अनेकौँ उतार चढाव, दमन आदि अवस्था झेल्नुपर्ने अवस्था रहन्छन् वा प्राप्त गरिएको सत्ता टिकाउन नसकिने अवस्था पनि आउन सक्छन्। विगतका दास विद्रोह, किसान युद्ध तथा मजदुर आन्दोलनले यस्तो अवस्था झेलेका छन् र भविष्यमा पनि दोहोरिने छन्। यसै सम्भावनालाई मध्यनजर राखी लेनिनले क्रान्तिको सम्पन्नता र सफलताका लागि वस्तुगत र मनोगत अवस्था परिपक्व भएको र तिनका बिच सही तालमेल र क्रान्तिकारी शक्तिहरूबिच समन्वय हुनुपर्छ भनी जोड दिएका हुन्।

वर्गीय सामाजिक उत्पादन प्रणालीमा समाजको प्रमुख अन्तरविरोध त्यस प्रणालीका प्रमुख वर्ग र तिनका बिचको सङ्घर्षबाट अभिव्यक्त हुन्छन्। तर, वर्गीय समाजमा आधारभूत वर्ग र तिनका अन्तर्विरोधका साथसाथै गौण अथवा सङ्क्रमणकालीन वर्गहरू र अन्तर्विरोध पनि हुन्छन् र कहिलेकाहीँ अवस्था विशेषमा, विशेष गरेर क्रान्तिको चरणमा शक्ति समायोजनको दौरान, यी अन्तरविरोध निर्णायक महत्त्वका पनि हुन सक्छन्। उदाहरणका लागि सामन्ती संरचनामा सहरहरूको विकाससँगै सहरिया व्यापारीकहरू, कास्तकारहरूका गुठी, व्यापारी, मध्यम वर्गीय बुद्धिजीवी आदि तप्काहरू विद्यमान थिए र सामन्तवादविरोधी आन्दोलनमा यिनको महत्त्वपूर्ण भूमिका रहेको हो। पछि यिनै नवोदित तप्काहरूमध्ये केही कृषि फर्महरूका मालिक, केही औद्योगिक पुँजीपति, केही व्यापारी पुँजीपति आदिमा परिणत भए भने तिनका कामदार तथा पुँजीवादको विकाससँगै हिँड्न नसकेकाहरू सर्वहारामा परिणत हुन पुगे। अथवा कोही सहरिया मध्यमवर्गमा त केही स्वतन्त्र किसानवर्गमा परिणत हुन पुगे। आज पुँजीवादको अन्तर्राष्ट्रिय एकाधिकार पुँजीवादी चरणमा पनि यस संरचनाभित्र प्रमुख वर्ग पुँजीपति तथा सर्वहारासँगै मध्यम वर्गीय पुँजीपति, किसान, मध्यम, वर्ग निम्न मध्यम वर्ग, साना व्यापारी आदि अनेकौँ तप्का र उपवर्गहरू विद्यमान छन् र यिनले जनसङ्ख्याको ठुलो हिस्सा ओगटेका छन्।

यी तप्का आर्थिक रूपमा पुँजीपति तथा मजदुरवर्गका बिचको वर्गका रूपमा रहे पनि कुनै पनि देशको राजनीतिमा यिनले अहम् भूमिका निर्वाह गर्छन्। वर्गसङ्घर्षको पक्षबाट हेर्ने हो भने सामान्य रूपमा दुई प्रमुख वर्गहरूबिचका यी तप्का निजी सम्पत्तिधारी समूह भएकोले राजनैतिक रूपमा यी पुँजीपतिवर्ग निकट रहन्छ। तर, यसको सम्पत्ति शोषणबाट भन्दा स्वआर्जन र आफ्नै श्रमको परिणाम भएको र आफै पनि श्रमजीवी भएको र सङ्घै पुँजीवादी आर्थिक सम्बन्धको मारमा रहने हुँदा केही सीमासम्म पुँजीवादविरुद्धको सङ्घर्षमा श्रमिकवर्गको साथ दिन्छ। तर, एउटा सीमासम्म मात्र। यसका साथै नवोदित बौद्धिक श्रमजीवी तप्का कामको अवस्था र वातावरणमा भिन्नता भए पनि पुँजीद्वारा श्रमको शोषणबाट यो तप्का पनि मुक्त नभएकोले पुँजीसँग यसको पनि वर्गसङ्घर्ष छ। व्यापक अर्थमा यो पनि श्रमिकवर्गकै अङ्ग हो र पुँजीवादी श्रम शोषणबाट मुक्ति यसको पनि साझा मुद्दा हो। क्रान्तिको संवाहक शक्ति सङ्गठित गर्दा यस पक्षमा ध्यान दिनु आवश्यक हुन्छ।

समष्टिमा हेर्दा प्रत्येक सामाजिक-आर्थिक संरचनामा समाजको वर्गीय बनोट र त्यसैअनुसार वर्गसङ्घर्ष पनि बहुआयामिक र जटिल प्रकृतिको हुन्छ। त्यसमा प्रमुख वर्गहरूसँगै समष्टिगत रूपमा वा एउटै वर्गभित्र पनि विभिन्न तप्का, उपवर्ग, समूह आदि अस्तित्वमा रहन्छन्। वर्गीय आधारमा तिनलाई एउटै विशाल परिवारभित्र मानिए पनि तिनको सामाजिक आर्थिक अवस्था र स्थान, स्वामित्व र सम्पत्तिको अवस्था तथा पेसा आदिको कारण यी वर्गहरूबिच पनि अन्तर्द्वन्द्व र अन्तरसङ्घर्ष रहन्छ। क्रान्तिकारी शक्ति सञ्चयको दौरान यस पक्षलाई नजरअन्दाज गर्नु हुँदैन। तर, कुनै पनि सामाजिक-आर्थिक संरचनाको चारित्रिक विशेषता र वर्गसङ्घर्षका अवस्थाको अध्ययन गर्दा प्रमुख वर्गहरूको अवस्थालाई नै प्रमुख आधारको रूपमा लिइन्छ। त्यसलाई नै समाज परिवर्तनको संवाहक शक्ति र त्यस संरचनाको प्रमुख वर्गसङ्घर्षको रूपमा लिइन्छ। अन्य उपवर्ग, तप्का, समूह सहायक शक्ति हुन्। तर, बहुदलीय प्रतिस्पर्धात्मक निर्वाचन प्रणाली, संसदीय परिपाटी आदिमा यिनको अहम् भूमिका रहन्छ। यस कुरालाई बिर्सिनु हुँदैन।

वर्गसङ्घर्षले समाजको उत्पादन प्रणालीमा गुणात्मक परिवर्तन ल्याउने क्रान्ति सम्पन्न गर्ने काम एक दिनमा पूरा हुने कुरा होइन। सामान्य रूपमा यो परिवर्तन परिमाणात्मक परिवर्तनको लामो श्रृङ्खलापछि सम्पन्न हुने परिघटना हो। दास व्यवस्थाको अन्तिम चरणमा भ्रुण रूपमा देखापरेको श्रम र ज्यालाका उत्पादन सम्बन्ध त्यस भ्रुण अवस्थाबाट आजको पुँजीवादी अवस्थामा पुग्न सिङ्गो सामन्ती युगको चरण पार गर्दै सदियौँ लामो यात्रा पार गर्नु परेको ऐतिहासिक तथ्य हो। यसैगरी, पुँजीवादी समाज वैज्ञानिक समाजवादी चरणमा प्रवेश गर्नु ऐतिहासिक वस्तुगत आवश्यकता हो। तर, यस सङ्क्रमणकालको अवधि कति होला त्यो समय र अवस्थामा निर्भर हुने कुरा हो। अवस्था विशेषमा यस्तो क्रान्तिकारी परिवर्तन सापेक्षिक रूपले अल्पकालमा नै पनि हुनसक्छ। वर्ग र वर्गसङ्घर्षको दृष्टिकोणबाट हेर्ने हो भने वर्तमान पुँजीवादी युगको एउटा विशेषता के हो भने यसले सिङ्गो समाजलाई स्पष्ट रूपमा दुइटा ठुला परस्परविरोधी वर्ग-पुँजीजीवी र श्रमजीवीवर्गमा विभाजित गरेको छ। यसले वर्गसङ्घर्षलाई बढी स्पष्ट र आमने सामनेका सङ्घर्षको रूप दिएको छ। अन्य मध्यवर्ती वर्ग या पुँजीजीवीवर्गको वरिपरि या श्रमजीवीवर्गको वरिपरिस्थित छन्। त्यसकारण, पुँजीवादविरोधी सङ्घर्षमा भोलि कुन वर्ग वा तप्का कुन ठाउँमा के रूपमा उभिएला अनुमान गर्न सकिन्छ किटानी गर्न सकिन्छ।

- *'लोकपाटी डटकम' बाट*

# संयुक्त राष्ट्रसङ्घमा इरानी राष्ट्रपति पेजेस्कियानद्वारा संरा अमेरिकाको कडा विरोध

संयुक्त राष्ट्रसङ्घ, २४ सेप्टेम्बर (एपी) । इरानका राष्ट्रपति मसुद पेजेस्कियानले संयुक्त राष्ट्रसङ्घको महासभामा बुधबार सम्बोधन गर्दै अमेरिकी आक्रमणको कडा विरोध गर्नुभएको छ । उहाँले इरानी जनता संरा अमेरिकाको 'आतङ्कवादको सिकार' भएको बताउँदै इरान वार्ता र कूटनीतिका लागि तयार रहे पनि बल प्रयोगको दबाब स्वीकार नगर्ने स्पष्ट पार्नुभएको छ ।

करिब सात महिनादेखि जारी युद्धका बिच महासभामा सम्बोधन गर्नुभएका पेजेस्कियानले दिवङ्गत सर्वोच्च नेता अली खामेनी तथा युद्धको सुरुआती दिनमा मारिएका १५० भन्दा बढी विद्यालयका विद्यार्थीका तस्बिर प्रदर्शन गर्नुभएको थियो । उहाँले इरानले आफ्नो रक्षा मात्र गरेको दाबी गर्दै भन्नुभयो, "हामी आतङ्कवादी होइनौँ । हाम्रा निर्दोष जनता कायरतापूर्ण आक्रमणको लक्ष्य बनेका छन्", अमेरिकातर्फ सङ्केत गर्दै उहाँले भन्नुभयो, "उनीहरूले हामीलाई प्रहार गरे, तर हामीले घुँडा टेकेका छैनौँ ।"



पेजेस्कियानको सम्बोधन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एक दिनअघि इरानसँग छिट्टै सम्झौता नभए इस्लामिक गणतन्त्रलाई 'नष्ट' गर्न सकिने चेतावनी दिनुभएको पृष्ठभूमिमा आएको हो ।

यसअघि ट्रम्पका प्रमुख दूत स्टिभ विटकफ र जारेड कुसनरले इरानी अधिकारीहरूसँग गरेको भेटलाई उहाँले 'धेरै राम्रो बैठक' बताउनुभएको थियो । तर, इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले त्यस्तो सम्पर्कमा नयाँ कुरा नभएको बताउनुभएको छ । अमेरिकासँगको सम्भावित वार्तालाई लिएर इरानभित्रै पनि मतभेद देखिएको छ । केही नेताले विदेशमन्त्री अब्बास अराघचीको आलोचना गरेका छन् ।

यसैबिच, अमेरिकी समर्थन प्राप्त 'बोर्ड अफ पिस' ले गाजाको पुनर्निर्माण र शासन व्यवस्था अघि बढाउन छ महिनाका लागि दुई अर्ब ४५ करोड अमेरिकी डलरको योजना प्रस्ताव गरेको छ । योजनामा पूर्वाधार, शिक्षा र स्वास्थ्यसम्बन्धी ६६ परियोजना समेटिएका छन् । बोर्डका अनुसार गाजाको पुनर्निर्माणका लागि मध्यम अवधिमा करिब ३५ अर्ब २० करोड डलर आवश्यक पर्नेछ भने आगामी १० वर्षमा थप ७१ अर्ब ४० करोड डलर खर्च हुन सक्नेछ ।

उता, हर्मुज जलडमरुमा बुधबार अर्को कार्गो जहाज अज्ञात प्रक्षेप्यबाट प्रहार भएको बेलायती समुद्री व्यापार सञ्चालन निकायले जनाएको छ । घटनामा दुई जनाको मृत्यु भएको, आगलागीपछि चालकदलले जहाज छाडेको र जहाज डुबेको जनाइएको छ । युद्धका कारण महत्त्वपूर्ण यस जलमार्गमा व्यावसायिक आवागमनसमेत प्रभावित भएको छ ।

यसैबिच, कब्जामा रहेको वेस्ट बैङ्कमा अमेरिकाका निम्ति इजरायली राजदूत येचिएल लेइटरका छोरा तथा इजरायली सेनाका रिजर्भ सैनिक नेरिया लेइटर गम्भीर घाइते भएका छन् । इजरायली अधिकारीका अनुसार एक प्यालेस्टिनी व्यक्तिले बेइट होरोन नजिकको सुरक्षा चौकीमा कार ठोक्काउँदा उनी घाइते भएका थिए । भाग्न खोज्ने ती व्यक्तिलाई इजरायली सेनाले गोली हानेर मारेको जनाइएको छ ।

अर्कोतर्फ, इजरायलको निर्वाचन आयोगले अर्को महिना हुने संसदीय निर्वाचनमा प्रमुख अरब राजनीतिक दल तथा उम्मेदवारलाई सहभागी हुन अयोग्य ठहर गर्ने पक्षमा मतदान गरेको छ । प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको लिकुड पार्टीसहित दुई दक्षिणपन्थी दलको सहमतिमा भएको उक्त निर्णयविरुद्ध रामका नेता मन्सुर अब्बासले सर्वोच्च अदालतमा अपिल गर्ने बताउनुभएको छ । अक्टोबर ७, २०२३ को हमास नेतृत्वको आक्रमणपछि इजरायलमा हुन लागेको यो पहिलो संसदीय निर्वाचन हुनेछ ।

# बङ्गलादेशमा मानव अधिकार संरक्षण कमजोर पारिएको दाबी

ढाका, ८ असोज (रासस/एएनआई) । बङ्गलादेशको संसद्ले सेप्टेम्बरमा पारित गरेका तीन नयाँ कानुनले मानव अधिकार संरक्षण र सुरक्षा निकायको जवाफदेहितासम्बन्धी व्यवस्था कमजोर बनाएको ह्युमन राइट्स वाचले जनाएको छ ।

संस्थाका अनुसार नयाँ कानुनले राष्ट्रिय मानव अधिकार आयोग (एनएचआरसी) को स्वतन्त्रता तथा अनुसन्धान अधिकार सीमित गरेको छ । अन्तरिम सरकारले जबरजस्ती बेपत्ता, गैरन्यायिक हत्या तथा यातनाजस्ता घटनाको अनुसन्धान गर्न आयोगलाई थप अधिकार दिए पनि नयाँ कानुनले तीमध्ये केही अधिकार हटाएको संस्थाको दाबी छ । आयोगको नियुक्ति प्रक्रिया तथा बजेट र प्रशासनिक स्वतन्त्रतामा पनि सरकारी प्रभाव बढाइएको बताइएको छ ।

सेप्टेम्बर ६ मा पारित जबरजस्ती बेपत्ता रोकथाम तथा निवारण ऐनले आयोगको प्रत्यक्ष अनुसन्धान तथा गोप्य हिरासतस्थलको अनुगमनसम्बन्धी अधिकार सीमित गरेको र कमान्ड जिम्मेवारीसम्बन्धी कानुनी व्यवस्था पनि परिवर्तन गरेको ह्युमन राइट्स वाचले जनाएको छ ।

त्यसैगरी, सेप्टेम्बर १० मा संसद्ले अर्धसैनिक र्‍यापिड एक्सन बटालियन (आरएबी) को नाम परिवर्तन गरी विशेष प्रतिक्रिया बटालियन (एसआरबी) बनाउने कानून पारित गरेको छ । आरएबीका कर्मचारी, अधिकार, सम्पत्ति र अभिलेख एसआरबीमा हस्तान्तरण गरिएको तथा नयाँ बलले सेप्टेम्बर १६ देखि काम थालेको संस्थाले जनाएको छ । आरएबीमाथि गम्भीर मानव अधिकार उल्लङ्घनमा संलग्न भएको आरोपमा अमेरिकाले प्रतिबन्ध लगाएको थियो ।

ह्युमन राइट्स वाचकी एसिया निर्देशक एलेन पियर्सनले विगतका मानव अधिकार उल्लङ्घन दोहोरिन नदिन स्वतन्त्र मानव अधिकार निकाय र सुरक्षा क्षेत्रको वास्तविक सुधार आवश्यक रहेको बताउनुभयो । संस्थाले बङ्गलादेशका अन्तर्राष्ट्रिय साझेदारलाई एसआरबीमाथि स्वतन्त्र निगरानी, मानव अधिकारसम्बन्धी कडा जाँच तथा गिरफ्तारी र हिरासतसम्बन्धी सुरक्षा व्यवस्था सुनिश्चित गर्न सरकारमाथि दबाब दिन आग्रह गरेको छ ।

# गोलान सिरियाको अभिन्न अङ्ग भएको अल–साराको भनाइ

संयुक्त राष्ट्रसङ्घ, २४ सेप्टेम्बर (एपी) । सिरियाका अन्तरिम राष्ट्रपति अहमद अल–साराले दक्षिणी सिरियामा इजरायलको सैन्य उपस्थितिको विरोध गर्दै गोलान हाइट्स सिरियाको अभिन्न अङ्ग रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्दै उहाँले इजरायलले आफू सत्तामा आएयता सिरियामा ५०० भन्दा बढी हवाई तथा तोप आक्रमण र करिब एक हजार २०० स्थल कारबाही गरेको दाबी गर्नुभयो । ती कारबाहीका क्रममा करिब ३०० जनालाई हिरासतमा लिइएको उहाँले बताउनुभयो ।

अल–साराले सन् १९६७ को युद्धमा इजरायलले सिरियाबाट कब्जा गरेको तथा सन् १९८१ मा विलय घोषणा गरेको गोलान हाइट्समाथिको इजरायली नियन्त्रणको विरोध गर्नुभयो । "गोलान सिरियाको भूमि नै रहनेछ," उहाँले भन्नुभयो ।

संयुक्त राष्ट्रसङ्घ र अधिकांश अन्तर्राष्ट्रिय समुदायले गोलानलाई सिरियाली भूभाग मान्दै इजरायलको विलयलाई मान्यता दिएका छैनन् ।

अल–साराले इजरायललाई सन् १९७४ को सम्झौताअनुसार कायम गरिएको असैन्यीकृत क्षेत्रसम्बन्धी व्यवस्था पालना गर्न आग्रह गर्दै इजरायली सेनालाई सन् २०२४ डिसेम्बर ८ को अवस्थाको सीमारेखातर्फ फर्किन आग्रह गर्नुभयो । इजरायलले दक्षिणी सिरियामा सेना पठाउनुको कारण सम्भावित आक्रमण रोक्नु रहेको बताउँदै आएको छ ।

यसैबिच, अल–साराले मङ्गलबार अट्लान्टिक काउन्सिलको कार्यक्रममा ट्रम्पको गोलानसम्बन्धी नीतिमाथि व्यङ्ग्य गर्दै गोलान हाइट्सको सट्टा इजरायललाई न्यु जर्सी दिने प्रस्ताव किन नगरेको भनेर आफूले ट्रम्पलाई सोधेको बताउनुभएको थियो ।

# अफगानिस्तानमा पाकिस्तानद्वारा १० स्थानमा हवाई तथा ड्रोन आक्रमण

इस्लामाबाद, २४ सेप्टेम्बर (एएनआई) । पाकिस्तानले अफगानिस्तानबाट आफ्नो भूभागतर्फ ड्रोन आक्रमणको प्रयास भएको दाबी गर्दै त्यसको जवाफी कारबाहीस्वरूप अफगानिस्तानका १० स्थानमा हवाई तथा ड्रोन आक्रमण गरेको जनाएको छ । पाकिस्तानका सूचना तथा प्रसारणमन्त्री अताउल्लाह ताररले ती स्थान ड्रोन प्रक्षेपण तथा भण्डारणका लागि प्रयोग हुँदै आएका सैन्यस्थल भएको दाबी गर्नुभएको छ ।

ताररले पाकिस्तानले आफ्नो सार्वभौम अधिकार रक्षाका लागि 'सटीक, नियन्त्रित र अनुपातिक' कारबाही गरेको बताउनुभयो । उहाँका अनुसार आक्रमण पाकिस्तानमाथि भएको भनिएको ड्रोन आक्रमणसँग सम्बन्धित पहिचान गरिएका सैन्य लक्ष्यमा मात्र केन्द्रित थियो । पाकिस्तानले बुधबार अफगानिस्तानबाट आएका आठ ड्रोन आफ्नो हवाई क्षेत्रमा प्रवेश गरेको र ती सबैलाई खसालेको जनाएको थियो ।

अफगानिस्तानले भने पाकिस्तानी हवाई आक्रमणको विरोध गर्दै उचित जवाफ दिने चेतावनी दिएको छ । अफगान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले कुनार र पक्तिका प्रान्तमा पाकिस्तानी आक्रमणबाट नागरिक हताहत भएको दाबी गर्नुभएको छ । उहाँका अनुसार कुनारमा एक महिलासहित तीन सर्वसाधारणको मृत्यु तथा चार जना घाइते भएका थिए भने पक्तिकामा घर र स्थानीय पसलमा क्षति पुगेको थियो ।

संयुक्त राष्ट्रसङ्घीय सहायता मिसन (युएनएएमए) का अनुसार अप्रिलदेखि जुन २०२६ सम्म सीमापार सशस्त्र हिंसाबाट ३९९ सर्वसाधारण प्रभावित भएका छन् । तीमध्ये ५७ जनाको मृत्यु र ३४२ जना घाइते भएका छन् । प्रभावित हुनेमा ४० महिला र ११२ बालबालिका छन् । युएनएएमएले हवाई आक्रमण र स्थल सैन्य गतिविधिलाई प्रमुख कारणका रूपमा उल्लेख गरेको छ ।

यसअघि जुन २८ मा पक्तिया, पक्तिका र कुनारमा भएका हवाई आक्रमणमा कम्तीमा २८ सर्वसाधारण मारिएको र ४९ जना घाइते भएको युएनएएमएले जनाएको थियो । पाकिस्तानको सूचना तथा प्रसारण मन्त्रालयले ती प्रान्तमा आफ्ना सुरक्षा बलले कारबाही गरेको पुष्टि गरेको थियो ।

सीमापार आतङ्कवादी गतिविधि, ड्रोन आक्रमण र सैन्य कारबाहीलाई लिएर पाकिस्तान र अफगानिस्तानबिच पछिल्ला दिनमा तनाव बढ्दै गएको छ । दुवै पक्षले एकअर्कामाथि आरोप लगाउँदै आएका छन् ।

# फकल्याण्डमाथि अर्जेन्टिनाको दाबी दोहोऱ्याउँदै मिलेई

संयुक्त राष्ट्रसङ्घ, २४ सेप्टेम्बर (एपी) । अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिलेईले बेलायतसँग विवादित फकल्याण्ड टापुमाथि आफ्नो देशको सार्वभौमिकताको दाबी दोहोऱ्याउँदै विवादको शान्तिपूर्ण समाधानका लागि वार्ता पुनः सुरु गर्न आह्वान गर्नुभएको छ । उहाँले अर्जेन्टिनामा माल्भिनास नामले चिनिने फकल्याण्ड टापु आफ्नो देशका लागि राष्ट्रिय मुद्दा भएको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्दै मिलेईले विवाद समाधान नभएसम्म एकपक्षीय परिवर्तन नगर्न आह्वान गर्ने अन्तर्राष्ट्रिय प्रस्ताव कार्यान्वयन गर्न संयुक्त राष्ट्रसङ्घ असफल भएको आरोप लगाउनुभयो । उहाँले बेलायतलाई सार्वभौमिकता विवाद समाधानका लागि वार्तामा फर्कन आग्रह गर्नुभयो ।

मिलेईले माल्भिनासको विषय अर्जेन्टिना र बेलायतबिचको विवादमा मात्र सीमित नरहेको भन्दै संयुक्त राष्ट्रसङ्घले आफ्नै प्रस्ताव कार्यान्वयन गर्न सक्ने क्षमता पनि यसबाट परीक्षण भइरहेको बताउनुभयो । उहाँले संयुक्त राष्ट्रसङ्घको भूमिकाको आलोचना गर्दै विवादमा पर्याप्त पहल नगरेको आरोपसमेत लगाउनुभयो ।

फकल्याण्ड विवाद पछिल्ला दिनमा समुद्री क्षेत्रमा तेल उत्खननसँग जोडिएर थप चर्किएको छ । अर्जेन्टिनाले यसै महिनाको सुरुआतमा फकल्याण्ड वरपरको समुद्री क्षेत्रमा तेल उत्खनन परियोजनासँग सम्बन्धित ६० भन्दा बढी कम्पनी तथा व्यक्तिविरुद्ध प्रतिबन्ध प्रक्रिया अघि बढाएको थियो । गत साता मिलेई सरकारले अर्जेन्टिनाको अनुमतिबिना प्राकृतिक स्रोतको उपयोग गर्नेहरूमाथि कडा कारबाही गर्ने व्यवस्था समेटिएको विधेयक पनि संसद्मा पेस गरेको थियो ।

यसैबिच, बेलायती प्रधानमन्त्री एन्डी बर्नह्यामले फकल्याण्ड टापुका बासिन्दाको आत्मनिर्णयको अधिकार र बेलायती रहिरहने अधिकारको रक्षा गर्ने बताउनुभएको छ ।

सन् १९८२ मा अर्जेन्टिनाले तत्कालीन सैन्य शासनअन्तर्गत फकल्याण्डमा आक्रमण गरेपछि बेलायतले सैन्य कारबाही गरी टापुमाथि पुनः नियन्त्रण कायम गरेको थियो । ७३ दिन चलेको युद्धमा ६४९ अर्जेन्टिनी र २५५ बेलायती सैनिक मारिएका थिए ।

दक्षिण अटलान्टिकमा अर्जेन्टिनाको तटबाट करिब ४८० किलोमिटर पूर्वमा रहेको फकल्याण्ड टापुमा करिब तीन हजार ५०० मानिस बसोबास गर्छन् । सन् १८३३ देखि बेलायती नियन्त्रणमा रहेको यस टापुलाई अर्जेन्टिनाले आफ्नो भूभागका रूपमा दाबी गर्दै आएको छ । सन् २०१३ को जनमतसङ्ग्रहमा अधिकांश टापुवासीले बेलायती विदेशी भूभागकै रूपमा रहन समर्थन गरेका थिए ।

# विपद्पछिको मानसिक स्वास्थ्य र राज्यको दायित्व

✍ प्रेमनारायण भुसाल

काठमाडौं । मानव जीवन सधैँ एउटै लय र सहज गतिमा बग्दैन । सुखपछि दुःख र दुःखपछि सुखको चक्र प्रकृतिमा निरन्तर चलिरहने अकाट्य नियम हो । रातपछि दिन भए झैँ प्राकृतिक विपत्ति, महामारी वा गम्भीर दुर्घटना समयसमयमा आइरहन्छन् तर यस्ता विपद्ले मानव जीवनमा छाड्ने प्रभाव सामान्य हुँदैन । धनजनको क्षतिसँगै विपत्तिले मानिसको मन र भावनामा पारेको गहिरो चोटले जनजीवनलाई लामो समयसम्म अस्तव्यस्त बनाइदिन्छ । हालैका दिनमा विपद्पछिको असहज परिस्थितिमा सामाजिक सञ्जालमा प्रसारण गरिने संवेदनहीन र उत्तेजक भिडियो, फोटो तथा भ्रामक सूचनाले पीडितका घाउमा नुनचुक छर्कने काम गरिरहेका छन् । आफन्त गुमाएको असह्य पीडा, शारीरिक कष्ट र अन्योलमा छटपटाइरहेका मानिसका लागि यस्ता नकारात्मक सामग्रीहरू झनै घातक बनिरहेका छन् । यसप्रति सम्बन्धित सबैपक्ष र नागरिक समाज जिम्मेवार हुनु अतिआवश्यक भइसकेको छ ।

कुनै पनि ठूलो विपद् वा दुर्घटनापछि मानिसमा तर्सिनु, अत्यधिक डराउनु, निद्रा नलाग्नु, खान मन नलाग्नु, मान्छे टोलाउनु वा व्यवहारमा पनि अत्यधिक त्रस्त भइरहयो र शरीरका अङ्गहरूले असामान्य प्रतिक्रिया दिन थाले भने त्यतिबेला उसलाई संवेगात्मक र मनोवैज्ञानिक सहयोग आवश्यक हुन्छ ।

प्राकृतिक वा अन्य गम्भीर दुर्घटनामा घाइते भएका, विपत्ति प्रत्यक्ष देखेका वा परिवारका सदस्य गुमाएका व्यक्तिमा दीर्घकालीन तनावसँग सम्बन्धित समस्या अर्थात् 'पोस्टट्रम्याटिक स्ट्रेस डिसअर्डर' देखापर्ने उच्च जोखिम रहन्छ । यस्तो गम्भीर अवस्था सिर्जना हुन नदिनका लागि सुरुआती दिनदेखि नै पूर्वसावधानी र सही तरिका अपनाउनु अत्यावश्यक हुन्छ, जसका लागि मनोवैज्ञानिक प्राथमिक उपचार महत्त्वपूर्ण हुन सक्छ ।

**मनोवैज्ञानिक प्राथमिक उपचार**

विपत्पछिको उद्धारलाई पहिलो प्राथमिकता र उद्धारपछि राहत तथा पुनःस्थापनालाई दोस्रो प्राथमिकता दिँदै गर्दा पीडितको मानसिक स्वास्थ्यलाई जोगाउन विश्वभर मनोवैज्ञानिक प्राथमिक उपचार पद्धति प्रयोगमा ल्याउने गरिएको छ । विसं २०७२ को भूकम्पपछि पनि नेपालमा मनोवैज्ञानिक प्राथमिक उपचार सञ्चालनमा ल्याइएको थियो । पङ्क्तिकार पनि संलग्न रहेको मनोवैज्ञानिक प्राथमिक सहयोगले तनाव पीडित व्यक्तिलाई उनका प्रियजन, आफन्त, नातेदार वा साथीभाइसँग सम्पर्क गराइन्छ । यदि परिवार र आफन्त उपलब्ध छैनन् भने सामाजिक संस्थाहरू वा राहत टोलीसँग जोडिन्छ । यसरी मानिससँगको सम्पर्कले पीडितमा जीवनप्रतिको निराशा कम गर्न र मनोबल उच्च पार्न मद्दत गर्छ । यदि व्यक्ति अति नै विच्छिप्त अवस्थामा छ भने उसलाई विशिष्टीकृत स्वास्थ्य सेवाका लागि विशेषज्ञकहाँ 'रिफर' गरिन्छ ।

**के भन्ने, के नभन्ने ?**

विपद्का बेला नबुझीकन बोलिने सान्त्वनाका शब्दहरूले पीडितको मनमा झनै ठूलो आघात पुऱ्याउन सक्छ । त्यसैले मनोवैज्ञानिक प्राथमिक उपचार दिँदा केही निषेधात्मक कुरामा विशेष ध्यान दिनुपर्छ । यस्तो बेला अनावश्यक र झूटा आश्वासन नदिनु हुँदैन । सामाजिक सञ्जाल वा अन्यत्र सहयोगको नाममा मृतक व्यक्ति पनि जीवितै छन् भन्ने भ्रम पारी भेटिन्छन् वा सबै काम हामी नै गरिदिन्छौं भन्नेजस्ता असम्भव र झूटा आश्वासन दिनु हुँदैन । तपाईं त बाँचिहाल्नुभयो नी, मान्छे एकदिन मरेर जाने नै हो, तपाईंको मात्र होइन अरूका पनि मरेका छन् वा तपाईंको भन्दा गम्भीर क्षति त




अकस्मात् परिवर्तन देखापर्नु नितान्त स्वाभाविक मानिन्छ । मनोवैज्ञानिक सन्दर्भमा यसलाई 'असामान्य परिस्थितिमा देखिने सामान्य प्रतिक्रिया' भनिन्छ । यस्तो अवस्थामा व्यक्ति आफूलाई एक्लो ठान्नु, निराश हुनु वा दैनिक मनोरञ्जनात्मक क्रियाकलापमा संलग्न हुन नसक्नु सामान्य नै हो ।

हाम्रो पूर्वीय संस्कार र समाजमा पनि यसको आफ्नै मनोवैज्ञानिक तथा व्यावहारिक पक्ष रहेको पाइन्छ । आफन्त गुमाउँदा १३-१४ दिनसम्म शोक मनाउने, दैनिक व्यावहारिक कामबाट अलग रही धार्मिक र आध्यात्मिक क्रियाकलापमा संलग्न हुने तथा इष्टमित्र र नातेदारले भेटघाट गरी सान्त्वना दिने परम्पराले व्यक्तिको मनमा रहेको गहिरो शोकलाई बिस्तारै हलुका बनाउन मद्दत गर्छ । आधुनिक सञ्चारमाध्यम र प्रविधिको तीव्र विकाससँगै अहिले समाजमा एक–दुई दिन वा एकैछिन कोही चिन्तित वा भावुक भयो भने उसलाई मानसिक रोग लाग्यो भन्ने गलत भाष्य सिर्जना भएको छ । सबैभन्दा पहिला हामी के कुरामा स्पष्ट हुनुपर्छ भने मानसिक समस्या एक–दुई दिन वा एकैहप्तामा विकास भइहाल्ने विषय होइन । विपद्को तत्कालीन समयमा व्यक्ति आत्तिनु, हड्बडाउनु वा क्षणिक रूपमा अचेत हुनु पनि एकप्रकारको स्वाभाविक बचाउ प्रतिक्रिया नै हो ।

**कहिले चाहिन्छ संवेगात्मक र मनोवैज्ञानिक सहयोग ?**

विपद्पछिको प्रारम्भिक चरणमा देखिने यस्ता लक्षण साथीभाइसँगको छलफल, आफन्तको ढाडस र दैनिक क्रियाकलापमा संलग्न हुँदै जाँदा बिस्तारै सामान्यीकरण हुँदै जानुपर्छ । सामान्यतया १५ देखि २० दिन वा तीन हप्ताको समयभित्र व्यक्ति बिस्तारै पुरानै लयमा फर्कन थाल्छ । यदि तीन हप्ता (२१ दिन) भन्दा लामो समयसम्म पनि व्यक्ति सामान्य अवस्थामा फर्कन सकेन, निरन्तर टोलाइरह्यो, एक्लै बस्न खोज्यो, अरूसँग कुराकानी गर्नै चाहेन, बाहिरको अवस्था सामान्य भइसक्दा व्यवस्थापनमा निकै सहयोग पुऱ्याएको थियो ।

धेरैमा मनोवैज्ञानिक प्राथमिक उपचार भन्नेबित्तिकै यो कुनै ठूलो अस्पतालमा अझ मानसिक अस्पतालमा गरिने जटिल डाक्टरी उपचार वा मानसिक रोगीलाई दिइने औषधि हो भन्ने भ्रम छ । वास्तवमा मनोवैज्ञानिक प्राथमिक उपचार कुनै विशिष्टीकृत मानसिक उपचार पद्धति होइन । जसरी शारीरिक चोट लाग्दा रगत बग्न नदिन वा घाउ बिग्रिन नदिन 'फर्स्ट एड' (प्राथमिक उपचार) गरिन्छ, त्यसैगरी मन र भावनामा परेको आघात गम्भीर मानसिक रोगमा परिणत नहोस् भनेर दिइने रोकथाममूलक साहरा नै मनोवैज्ञानिक प्राथमिक उपचार हो ।

यो उपचार औपचारिक र अनौपचारिक दुवै रूपमा दिन सकिन्छ । अनौपचारिक रूपमा साथीसङ्गाति, परिवारका सदस्य वा छरछिमेकीले पीडितका मनभित्र रहेका उकुसमुकुसलाई सुनिदिने र भावनात्मक ढाडस दिने गर्दा मात्रै पनि धेरै समस्या गम्भीर बन्नबाट रोकिन्छन् । त्यस्तै, औपचारिक रूपमा आधारभूत तालिम लिएका शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी वा समाजका अगुवाले यो सेवा प्रदान गर्न सक्छन् । मनोवैज्ञानिक प्राथमिक उपचारका मुख्य तीन चरणहरू हुन्छन् :

**१. अवलोकन गर्ने :** सर्वप्रथम प्रभावित व्यक्तिको वर्तमान अवस्थाको अवलोकन गरिन्छ र उसका लागि अहिले अत्यावश्यक कुरा जस्तै सुरक्षित बास, गाँस, कपास वा शारीरिक सुरक्षा के हो, त्यसको पहिचान गरिन्छ ।

**२. ध्यानपूर्वक सुन्ने :** दोस्रो चरणमा सम्बन्धित व्यक्तिका कुराहरू बिना कुनै मूल्याङ्कन ध्यानपूर्वक सुनिन्छ । यतिबेला पीडितलाई इच्छा नभएका कुराहरू जबर्जस्ती खोतलेर सोध्ने काम पटक्कै गरिनु हुँदैन । उसले स्वयम् आफ्ना पीडा वा आफन्तका बारेमा भन्न चाहेमा नजिकै बसेर सहानुभूतिपूर्वक सुनिदिने र ढाडस दिने गर्नुपर्छ ।

**३. सम्पर्क र जोड्ने :** तेस्रो चरणमा पीडा त अरूलाई परेको छ, अरूले त केही गरेका छैनन् जस्ता असंवेदनशील संवादहरू पटक्कै गर्नु हुँदैन । परामर्शका क्रममा पीडितको रुने अधिकार खोस्ने गल्ती गर्नु हुँदैन । आफन्तको बिछोडमा रोइरहेका मानिसलाई नरोऊ, रुनु हुँदैन भनेर रोक्नु ठूलो गल्ती हो । रुनु र आँसु बहाउनु भनेको मनको पीडा बाहिर निकाल्ने प्राकृतिक माध्यम हो । त्यसैले उनीहरूलाई आफ्ना भावना अभिव्यक्त गर्ने पूर्ण अवसर दिनुपर्छ ।

**राज्य र स्थानीय तहको दायित्व**

विपद् घटेको निश्चित समयपछि समाजमा व्यवस्थित मनोवैज्ञानिक परामर्शको काम सुरु हुनुपर्छ । यसका लागि राज्यले स्थानीय तहलाई पूर्ण रूपमा सहयोग गर्नु आवश्यक छ । स्थानीय तहका माध्यमबाट मनोवैज्ञानिक परामर्शदाता, तालिमप्राप्त जनशक्ति र चिकित्सकलाई प्रभावित क्षेत्र तथा संरक्षण गृहमा खटाउनुपर्छ । संरक्षण गृहमा राखिएका पीडितका लागि मानसिक स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ । खानपान, निद्रा र व्यवहारमा निरन्तर विचलन आएका खण्डमा कहाँ र कसरी सहयोग लिने भन्ने विषयमा उनीहरूलाई सुसूचित गरिनुपर्छ ।

विपद् प्राकृतिक वा भवितव्य हो, जसलाई पूर्ण रूपमा रोक्न सकिँदैन । विपद्पछि सिर्जना हुने मानसिक आघात र त्यसले निम्त्याउने दीर्घकालीन मानसिक रोगहरूलाई भने सही समयको सजगता र मनोवैज्ञानिक प्राथमिक उपचारका माध्यमबाट न्यूनीकरण गर्न सकिन्छ । पीडितलाई झूटा आश्वासन र सहानुभूति होइन, ध्यानपूर्वक सुनिदिने कान, बुझिदिने मन र सुरक्षित वातावरणको खाँचो हुन्छ । आजका सन्दर्भमा सामाजिक सञ्जालको असंवेदनशील प्रयोगलाई नियन्त्रण गर्दै, प्रभावित हरेक स्थानीय तहसम्म सुलभ र प्रभावकारी मनोवैज्ञानिक प्राथमिक उपचार पुऱ्याउनु नै राज्य र नागरिक समाजको पहिलो कर्तव्य हो ।

*(मनोवैज्ञानिक परामर्शदाता हुनुहुन्छ) रासस*

# प्राकृतिक विपत्ति र बीमा

✍ पुष्पराम मुनंकर्मी

लाङटाङ लेरुङको हिमपहिरो अनि हिमताल विस्फोटले आएको बाढीका कारण रसुवादेखि नुवाकोट, धादिङ सबैतिर विपत्ति मात्र मच्चाएको होइन, यसले विश्वलाई स्तब्ध बनायो । कुनै बेला संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसले विश्वको छाना



सगरमाथाबाट विश्वको छाना भत्किँदै छ भन्ने चेतावनीयुक्त सन्देश दिएका थिए जुन अहिले ठूलो प्राकृतिक विपत्तिमा परिणत भएको छ । यहाँसम्म कि अस्ट्रेलियाको संसद्मा समेत यसबारेमा चर्चा भएको छ । हालैको एक अध्ययनले नेपालको उत्तरी सीमामा करिब ५७ वटा यस्ता जोखिमयुक्त हिमताल रहेको विवरण सार्वजनिक भएका छन् । यसमध्ये ४ वटामात्र फुटे पनि आधा नेपालमा ठूलो विपत्ति आउनेछ ।

यसअनुसार हिमाली उद्गम स्थल रहेका नदी छेउमा रहेका बस्तीहरूमाथि खतराको बादल मडारिएको छ । त्यसैले, यथाशक्य चाँडो बस्ती नै स्थानान्तरण गर्नु अति आवश्यक भइसकेको छ ।

भारतीय अन्तरिक्ष यानले चन्द्रमामा भुइँचालो भएको रेकर्ड गरेको छ । त्यस्तै, अमेरिकी अन्तरिक्ष यानले मङ्गलग्रहमा ९० मिनेटसम्म भुइँचालो गएको रेकर्ड गरेको थियो । यस हिसाबले हेर्ने हो भने ग्रहहरूमा भूकम्प हुनु भनेको सामान्य प्रक्रिया हो ।

यहाँ सम्झनुपर्ने के छ भने आजभन्दा करिब २५-३० वर्ष पहिला भारतका एक जना भूगर्भविद्ले एक कार्यक्रममा भनेका थिए कि नेपालमा आणविक आक्रमण त हुने छैन तर नेपाल बममाथि बसिरहेको छ । अर्थात्, नेपाल भूकम्पीय जोखिम क्षेत्र ६ मा रहेको छ ।

एक अध्ययनअनुसार नेपालमा तीन वटा ठूला फल्ट रहेका छन् । पूर्वी नेपाल, मध्य नेपाल अनि पश्चिम नेपाल गरी यी तीन क्षेत्रबाट ठूला भूकम्प गएको इतिहासमा भेटिन्छ । सन् १२५५ मा पूर्वी नेपालबाट ठूलो भुइँचालो गएको थियो । जसको असरले अन्नपूर्ण चौथो फुटेर ठूलो हिम पहिरो गएको थियो । उक्त भुइँचालोबारे योभन्दा बढी जानकारी छैन ।

त्यस्तै, मध्य नेपालमा हरेक १०० वर्षमा ठूलो भूकम्प जाने गरेको इतिहास छ । वि.सं. १८९० सालमा गएको भूकम्पले राजा अभय मल्लको मृत्यु भएको थियो । त्यस्तै, वि.सं. १९९० साल (राणा कालमा) ८.४ रेक्टर स्केलको भूकम्पले निकै ठूलो क्षति गरेको थियो । यहाँसम्म कि उपत्यकाका सबैजसो स्मारकहरू क्षति या ध्वस्त भएका थिए र त्यसमध्ये बौद्धको एउटा सम्पदाबाहेक अरु कुनै पनि सम्पदा पहिलाको स्वरूपमा जीर्णोद्धार या पुनः निर्माण हुन सकेन । त्यस्तै, वि.सं. २०७२ सालमा भूकम्पले गरेको क्षति सबैमाझ सम्झना ताजै होला । मध्य नेपालमा हरेक १०० वर्षमा एकचोटि महाभूकम्प अनि ५० वर्षमा मझौला भूकम्प गएको इतिहास भेटिन्छ । २०४५ सालको भूकम्प मझौला भूकम्प हो ।

पश्चिम नेपाल केन्द्रबिन्दु भएर ५०० देखि ७०० वर्षको अन्तरालमा विनाशकारी महाभूकम्प जाने गरेको पाइन्छ । सन् १५०५ मा उक्त क्षेत्रमा महाभूकम्प गएको प्रमाण भेटिएका छन् । कुनै बेला १०० जना जर्मन भूगर्भविद्हरूले मुगल साहित्य अध्ययन गर्दा उक्त क्षेत्रमा गएको भूकम्प अनि त्यसले गरेको क्षतिबारे अध्ययन गरेका थिए र त्यो भूकम्पले गरेको क्षतिको भयावह विवरण सङ्कलन गरेका थिए ।

नेपालमा पनि जापानी र नेपाली भूगर्भविद्ले गरेको अध्ययनअनुसार पश्चिम नेपालमा उक्त भूकम्पले १० मिटर जमिन तल-माथि भएको प्रमाण उत्खनन गरेर भेटाएका थिए ।

यहाँ स्मरण गर्नुपर्ने के छ भने २०७२ साल आश्विन महिनाको साँझतिर बर्मामा गएको भूकम्पले काठमाडौंसमेत हल्लिएको थियो । जब कि नेपाल र बर्मा १३९१ किलोमिटर आकाशीय दूरीमा छ । तर, पश्चिम नेपाल र काठमाडौं जम्मा ५२५ कि.मि. आकाशीय दूरी छ ।

भूकम्प कहिले आउँछ हालसम्मको प्रविधिले भन्न सक्ने अवस्था छैन । त्यसैले, यसबाट जोगिनु नै एकमात्र विकल्प हो । सुरक्षित घर निर्माणले मात्र जोगाउन सक्नेछ । तथापि कथं कदाचित घर भवन भत्केमा त्यसलाई पुनः बनाउन बीमा गरेको खण्डमा आर्थिक व्यय भारबाट मुक्त हुनेछ । म कार्यरत संस्थामा २०७२ सालको भूकम्पले सो भवन निकै क्षति पुगेको थियो र सो भवन मर्मत तथा सबलीकरण गर्दा ६.२५ करोड खर्च भयो जब कि बीमाबाट रु. ५ करोड प्राप्त भयो । अतः प्राकृतिक विपत्तिले ज्यानमा तल-माथि केही भइहालेमा सबैलाई राम राम ! नभए बाँचेमा बस्नको लागि आवास चाहियो अनि त्यसको लागि आफ्नो घरको निर्जीवन बीमा गरेमा निकै राहत पुग्नेछ । घरको मूल्याङ्कन रु. एक करोड भएमा वर्षको रु. ५,६००/- मात्र तिरे पुग्छ । अर्थात्, प्रतिदिन रु. १६/- मात्र खर्च हुन्छ ।

अन्तर्राष्ट्रिय नियमअनुसार यदि ८ रेक्टर अथवा सोभन्दा माथिको भुइँचालो आएमा क्षति भएका सबै निजी घरहरू पनि सरकारले निःशुल्क बनाई दिनुपर्छ र सो देशमा उद्धारको लागि विदेशी सेना बिनाअनुमति जान पाइन्छ । तर, नेपालमा २०७२ सालमा आएको भूकम्प यस्तै कारणले गर्दा ८.२ रेक्टर स्केल भए तापनि पछि ७.९ मात्र भनेका थिए । सन् १९९५ सालमा जापानको कोबेमा गएको भूकम्पले क्षति भएका सबै निजी घरहरू सरकारले निःशुल्क बनाएर फ्लोरिङ तथा फर्निसिङसम्म गरी हस्तान्तरण गरेका थिए । तर, नेपालले दोस्रो दाता सम्मेलनसम्म पनि आयोजना गर्न सकेन ।

त्यसैले, यदि भुइँचालो आइहालेमा घरको कुन तल्ला र क्षेत्र सबैभन्दा सुरक्षित छ सोबारेमा परिवार जन सबैमा जानकारी गराएर सो क्षेत्रमा सुरक्षित साथ बस्ने जानकारी गराउनुपर्छ ।

***(यो लेखको उद्देश्य त्रास फैलाउनु नभई सचेतना मात्र फैलाउनु हो, तर बीमाको एजेन्ट नभएको स्पष्ट पार्न चाहन्छु)***

# बर्लिनमा वामपन्थी दलको ठुलो जीत

बर्लिन, २१ सेप्टेम्बर । जर्मनीको वामपन्थी पार्टी 'डाइ लिङ्के' ले बर्लिन प्रदेशको चुनावमा ठुलो जीत हासिल गरेको छ । पार्टीले करिब २६ प्रतिशत मत ल्याएर उक्त जीत प्राप्त गरेको हो । बर्लिन प्रदेशमा 'डाइ लिङ्के पार्टी' को यो पहिलो चुनावी जीत हो । पार्टीले चुनावमा बहुराष्ट्रिय कम्पनीहरूको स्वामित्वमा रहेका आवासहरूलाई राष्ट्रियकरण गर्ने र घरभाडामा सीमा तोक्ने विषयलाई आफ्नो प्रमुख मुद्दा बनाएको थियो ।



मतपरिणाम आएपछि डाइ लिङ्के पार्टीकी मुख्य उम्मेदवार एलिफ एराल्पले सबैसँगको सहकार्यमा बर्लिनमा परिवर्तन ल्याउने बताइन् । एराल्पका आमाबुबा टर्कीका वामपन्थी कार्यकर्ता थिए । सन् १९८० मा टर्कीमा सैनिक विद्रोह भएपछि उनीहरू टर्की छोडेर जर्मनी बसाइँ सरेका थिए ।

निर्वाचनमा जर्मन चान्सलर (प्रधानमन्त्री) फ्रेडरिक मर्जको 'क्रिस्चियन डेमोक्र्याटिक युनियन पार्टी' (सीडीयू) दोस्रो स्थानमा सीमित भयो । दक्षिणपन्थी पार्टी 'अल्टरनेटिभ फर जर्मनी' ( एएफडी) ले करिब १६ प्रतिशत मत ल्याएर तेस्रो स्थान हासिल गरेको थियो ।

बर्लिनमा जस्तै मेक्लेनबर्ग-वेस्टर्न पोमेरेनिया प्रदेशमा पनि निर्वाचन सम्पन्न भयो । त्यहाँ 'एएफडी' ले ३८ प्रतिशत मत ल्याएर सबैभन्दा ठुलो पार्टी बन्ने अनुमान गरिएको छ । सोसल डेमोक्र्याटिक पार्टी (एसपीडी) ले ३५ प्रतिशत मत पाएको बताइएको छ ।

यस राज्यमा चान्सलर मर्जको पार्टी ( सीडीयू) ले ५ प्रतिशतको न्यूनतम मतसीमा पार गर्न सकेन । त्यसैले 'सीडीयू' ले प्रदेशसभामा प्रवेश पाउन सकेन । मर्जले यस नतिजालाई 'ठुलो सङ्कट' भनेका छन् ।

निर्वाचनमा 'एसपीडी' की प्रदेश समिति अध्यक्ष मानुएला स्वेशिगको नेतृत्वमा वामपन्थी दलहरूले गठबन्धन गरेका थिए । सो गठबन्धनले प्रदेश सभामा बहुमत ल्याउन सक्ने सम्भावना छ । चुनावी प्रचारप्रसारको क्रममा स्वेशिगले 'एएफडी' लाई विजयी हुनबाट रोक्ने मुद्दालाई चर्को रूपमा उठाएकी थिइन् ।

चुनावी नतिजा आएपछि चान्सलर मर्जमाथि पार्टीभित्रै दबाब बढेको खबर छ । उनलाई पार्टी अध्यक्ष र चान्सलर पदबाट हटाउने सम्भावनाबारे पनि चर्चा हुन थालेको छ । यद्यपि, मर्जले अर्थव्यवस्था, कर प्रणाली र सामाजिक सुरक्षाका क्षेत्रमा सुधारहरू गर्दै अघि बढ्ने बताएका छन् ।

मर्जले भने, "सुधार अनिवार्य छ । यसका लागि साहस, दृढता र धैर्य जरुरी छ ।"

चुनावी नतिजाले जर्मनीमा घरभाडा, महँगी र आर्थिक समस्याप्रति जनताबिच असन्तोष बढिरहेको स्पष्ट हुन्छ । बर्लिनमा डाइ लिङ्केको सफलताले अन्य प्रमुख राजनीतिक दलहरूलाई पनि आवास तथा घरभाडासम्बन्धी समस्या समाधान गर्न दबाब बढाउने देखिन्छ ।

***स्रोत : एमआर अनलाइन । सम्यक***

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १२६

**भदौ २४ गते नख्खु कारागार कार्यालय ललितपुर र अन्य कारागारहरूको अवस्था**

भदौ २४ गते भवनहरू र प्रतिष्ठानहरूमात्र जलेनन्, कारागारमा पनि आक्रमण भयो । नख्खु कारागार कार्यालय ललितपुरमा राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सभापति रवि लामिछाने ठगी तथा सङ्गठित अपराध मुद्दामा रूपन्देही जिल्ला अदालतको आदेशानुसार पुर्पक्षको लागि बन्दीको रूपमा सोही कारागारमा रहँदै आएका थिए । भदौ २४ गते निज रवि लामिछानेलाई छोड्नुपर्ने जिकिर गर्दै प्रदर्शनकारीहरू दिउँसो अन्दाजी १५:३० बजेतिर नख्खु कारागारको मूल गेट अगाडि जम्मा भई भिड बढ्दै गई सो भिड कारागार परिसरमा प्रवेश गरी रवि लामिछानेलाई छोड्न कारागार प्रशासनलाई दबाब दिन थाले । उक्त भिडबाट कारागारमा आक्रमण हुने डर त्रासमा सो कारागारका प्रमुखले रवि लामिछानेको सुरक्षार्थ बन्दी कोठाभित्रबाट निकालेर कारागार परिसरभित्रको मानसिक अस्पतालमा ल्याए । भिड बढ्न थालेपछि रबि लामिछानेले भिडलाई शान्त रहन पटक-पटक आग्रह गर्दै यस्तो परिवेशमा कारागार र यहाँका कर्मचारीहरूलाई बचाउने मेरो पनि जिम्मेवारी हो भनेपछि प्रहरीले रवि लामिछानेलाई कारगार परिसरभित्रै रहेको भिडसमक्ष प्रस्तुत गरेको भन्ने आयोगसमक्ष जेलरले दिएको बयानमा उल्लेख छ । भिडले रवि लामिछानेलाई बाहिर लग्न खोज्दा न्यायिक हिरासतमा बसेकोले कारागार प्रशासनको मलाई बाहिर जाने अनुमति पत्र नभई बाहिर नजाने भनेपछि निजका समर्थकहरूले सो कारागारका कारागार प्रमुखसँग रवि लामिछानेलाई कारागारबाट बाहिर छाडिएको भन्ने विषयमा आधिकारीक पत्र लिई निज रवि लामिछाने कारागारबाट छुटेको भन्ने आयोगको छानबिनबाट देखिएको छ । रवि लामिछानेलाई कारगारबाट छाडिएको भन्ने विषयको पत्रमा केही व्यक्तिले करकापमा पारी मसँग सही छाप गराएको भनी नख्खु कारागार प्रमुखको आयोगसमक्ष दिएको बयानमा उल्लेख रहेको छ । कारागार प्रमुखले विधिवतरूपमा दस्तखत सही छाप गरिदिएको पत्र प्राप्त गरेपश्चात् मात्र निज रवि लामिछाने गाडीमा चढी कारागारबाट हिँडेको यस आयोगबाट छानबिनको क्रममा देखिन्छ ।

रवि लामिछाने बाहिर निस्किएको केही समयपछि ठुलो भिड आई जेलमा आक्रमण गरी कैदीहरूलाई बाहिर निकाल्ने कार्य भएको देखिन्छ । यो समाचार सामाजिक सञ्जालमा प्रेषित भएपछि काठमाडौँलगायत देशका अन्य भागमा पनि जेल आक्रमणको सिलसिला सुरु भयो । नख्खु कारागारको घटनापछि अन्य ठाउँहरूमा पनि जेल तोडफोड गर्ने, आगजनी गर्ने र कैदी बन्दी भगाउने तथा कैदी बन्दी आफै भाग्ने कार्य भएको सङ्कलित प्रमाणबाट देखिन्छ ।

त्यस दिन देशभरिका कारागारहरूबाट १२,४४० जना कैदी/बन्दी भागेको कारागार प्रशासनबाट जानकारी प्राप्त भएको छ । सयौँ कैदी बन्दी एकैचोटि कारागारबाट भाग्दा यसले ठुलो सुरक्षा चुनौती खडा गऱ्यो । यो सामान्य घटना थिएन र अझै समाजमा डरको वातावरण रहेको छ । कारागारबाट फरार भएका मध्ये २०८२ माघ ११ गतेसम्म ८,२९४ जना कैदी/बन्दी कोही आफैँ र कोही प्रहरीले पक्राउ गरी कारागारमा फिर्ता ल्याएको छ । बाँकी ४,१४६ जना कैदी बन्दी अझै फरार छन् । कारगारबाट कैदी बन्दी भगाउनमा भूमिका खेल्ने व्यक्तिहरूबारे व्यापक अनुसन्धान गरी कानुनको दायरामा ल्याइनुपर्दछ ।

***समचार...***

भारतजस्तो पहिले अङ्ग्रेजहरूबाट स्वतन्त्र भएका देशमा त विदेशी प्रभाव आज पनि चर्को छ भने नेपालको के कुरा !

नेपाली काङ्ग्रेसको सरकारले सामान लुकाएर भाउ बढाउनेहरू (काला बजारियाहरू) को पक्षमा जेल सजाय र कडा सजाय गर्नुभन्दा नामको मात्रै जरिवाना गर्ने ऐन-कानुन बनाएको थियो । त्यसको निम्ति उद्योग-व्यापार सङ्घ नै बढी सक्रिय छन् । एक-दुई जना व्यापारीको हक र हितको निम्ति उनीहरू लाखौँ जनताको अहितमा लाग्ने गर्छन् । यो नै पुँजीवाद हो ।

चाडपर्वको अर्थ व्यापारीहरू नाफा कुम्ल्याउने अवसरको रूपमा लिन्छन् भने जनता 'दसैँलाई पनि दशा' को रूपमा लिन्छन् - गरिबहरूको निम्ति दुःखको दिन, धनीहरूको निम्ति खुसीको ! वर्गीय दृष्टिकोण र वर्गसङ्घर्षको अर्थ यही हो !

***अविरल...***

करिब १६४ मिलिमिटरसम्म वर्षा भएको उहाँको भनाइ छ ।

मौसमविद् ढकालका अनुसार आज लुम्बिनी प्रदेशदेखि पूर्वी भू-भागका धेरै स्थानमा मध्यम वर्षाको सम्भावना छ । कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने तुलनात्मक रूपमा कम भूभागमा वर्षा हुने देखिएको छ ।

शुक्रबार कर्णाली प्रदेशदेखि पूर्वी भू-भागसम्म वर्षा केन्द्रित हुने र केही स्थानमा भारी वर्षाको सम्भावना रहेको उहाँको भनाइ छ । मौसम पूर्वानुमानमा सुन्तला रङले देखाइएका क्षेत्रमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउनुपर्ने उहाँले बताउनुभयो ।

मौसमविद् ढकालले शनिबार भने वर्षाको गतिविधि क्रमशः पश्चिमतर्फ केन्द्रित हुने देखिएको र गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावना रहेको जानकारी दिनुभयो । उहाँका अनुसार ती क्षेत्रमा उच्च सतर्कता आवश्यक रहेको र गण्डकीदेखि पश्चिमका विभिन्न भू-भागमा वर्षाको गतिविधि बढ्ने सम्भावना छ । ***रासस***

**सिद्धि गणेश कर्नर** — हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

**३२औँ वार्षिक साधारणसभामा उपस्थिति हुनेसम्बन्धी सूचना**

यस संस्थाको **३२औँ वार्षिक साधारणसभा कार्यक्रम** देहायका विषयहरूमा छलफल तथा निर्णयहरू गर्न **२०८३/६/१७ गते, शनिबार दिउँसो १:00 बजे महेश्वरी बैङ्क्वेट, थुसाँचामा आयोजना गरिने** हुँदा सभामा उपस्थित हुन सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने विषयहरू :**

१. आ.व. २०८२/०८३ को प्रगति विवरण र आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम ।
२. आ.व. २०८२/०८३ को आय-व्यय विवरण र आ.व. २०८३/०८४ को अनुमानित बजेट ।
३. आ.व. २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व. २०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन तथा आ.व.२०८३/०८४ का लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
५. शेयर लाभांश सम्बन्धमा ।
६. संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. आन्तरिक नीति र कार्यविधि सम्बन्धमा ।
८. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको चयन ।
९. साधारणसभाको माइन्युट प्रमाणीकरण ।

***नोटः***

**१.** मिति २०८३/०६/१६ गते, शुक्रबार बिहान ०७:०० बजेदेखि ५:०० बजेसम्म सिद्धि गणेश सहकारी भवन, चोर्चा (**सदस्य नं. १ देखि ८००० सम्मका सदस्यहरू**) र सिद्धि गणेश तालिम हल, खँचामा (**सदस्य नं.८००१ देखि माथिका सदस्यहरू**) उपस्थिति तथा सुझावपुस्तिका खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।
**२.** मिति २०८३/०६/१७ गते, शनिबार बिहान ७:०० बजेदेखि दिनको ५:०० बजेसम्म (महेश्वरी बैङ्क्वेट) सभा स्थलमा उपस्थिति खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।
**३.** संस्थामा मिति २०८३/६/१५ गतेसम्म सदस्य भएका उपस्थित हरेक साधारण सदस्यलाई खाजा खर्च बापत रू.४७१।-(करकट्टी पछि रू.४००) प्रदान गर्ने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**सञ्चालक समिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE — Certified By Association of Asian Confederation of Credit Unions

**चाडपर्व मनाऔँ: सामाजिक सद्भाव कायम राखौँ**

❖ आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔँ,
❖ चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔँ,
❖ धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
❖ चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
❖ सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
❖ मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

**राष्ट्रिय परिचयपत्र वितरण स्थानान्तरण भएको सम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाका विभिन्न वडा कार्यालयहरूमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराएका नगरवासीहरूको राष्ट्रिय परिचयपत्र कार्डहरू मिति २०८१/११/०१ गतेदेखि भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ब्यासीबाट स्टेसन खडा गरी वितरण हुँदै आएकोमा २०८३/०६/०१ गतेदेखि उक्त स्टेसनका कर्मचारी सामग्रीसहित सरुवा भएको हुँदा राष्ट्रिय परिचयपत्र कार्डहरू जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट नै वितरण हुने व्यवस्था भएको व्यहोरा अवगत गराउँदै राष्ट्रिय परिचयपत्र कार्ड बुझिलिन बाँकी रहेका नगरवासीहरूले २०८३/०६/०१ गतेदेखि जिल्ला प्रशासन कार्यालय, भक्तपुरमा कार्यालय समयभित्र उपस्थित भई आफ्नो राष्ट्रिय परिचयपत्र कार्ड बुझिलिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा